आज मिति २०८०।०३।०९ गते शनिबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०७९/०८० को १९ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री चित्र प्रसाद गुरागाँई | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

## प्रस्तावहरु :-

१. अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. आगामी आ.ब. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
३. कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।
४. O&M संशोधन गर्ने सम्बन्धमा ।
५. आ.ब. २०८०।०८१ को लागि आन्तरीक हाटबजार ठेक्का लगाउने सम्बन्धमा ।
६. सेवा करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धी मिति २०७९।१०।१७ गते प्रकाशित सूचनाको सम्बन्धमा ।
७. कृषि तर्फका पकेट कार्यक्रमहरुको निरन्तरताको अनुमोदन गर्ने सम्बन्धमा ।
८. निर्माणाधिन १५ बेडको अस्पताल भवनको ठेक्का सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु :-

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि तयार गरिएको तपसिल बमोजिमको नीति, कार्यक्रम तथा बजेट उपर छलफल तथा स्वीकृतीका लागि मिति २०८०।०३।१० गते बस्ने नगरसभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

चौदण्डीगढी नगरपालिकाको १४ औं नगर सभामा समक्ष पेश गिरने
आको बार्षिक नीति ०८१/२०८० .व., कार्यक्रम तथा बजेट

ऐतिहासिक नगरी चौदण्डीगढी नगरपालिकाको सम्मानित १४ औं नगरसभाका सभा अध्यक्षज्यू,
यस नगरसभाका सचिव एवंम प्रमुख प्रशासकीय अधिकृतज्यू
यस नगरपालिकाका १० वटै वडाका वडा अध्यक्षज्यूहरु,
विषयगत समितिका संयोजकज्यूहरु,
नगर कार्यापालिकाका सदस्यज्यूहरु,
नगर सभाका सम्पुर्ण सदस्यज्यूहरु,
सञ्चारकर्मी तथा पत्रकार ज्यूहरु,
यस नगरपालिका अन्तर्गतका विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु,
साथै यस नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु तथा उपस्थित सम्पुर्ण महानुभावज्यूहरु,

अहिले हामी चौदण्डीगढी नगरपालिकाको १४ औं नगरसभा अर्थात हाम्रो कार्यकालको दोस्रो बर्षमा आई पुगेका छौ । मुलुक संविधान बमोजिम तीन तहको संघीय प्रणालिमा प्रवेश गरे संगै विगतका राज्यका केन्द्रिकृत अधिकारहरुलाई वर्तमान नेपालको संविधानले विकेन्द्रीत गर्दै स्पष्ट व्यवस्था गरे बमोजिम संघप्रदेश र स्थानीय तहले सरकार संचालनको अभ्यास गरिरहेको अवस्था छ । स्रोत साधन र अधिकार जनताको पहुँचमा रहने गरी परिकल्पना गरिएको जनताको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय तह जनताको आफ्नै

सरकार संचालन ऐन अन्तर्गत रहेर अगाडी इकाई हो । नेपालको संविसरकार र राज्यको अभिन्नधानको मुलमर्म र भावना तथा स्थनीय बढनु आजको हाम्रो आवश्यक्ता हो ।

राज्यको यो आमुल परिवर्तनको खातिर इतिहासका कालखण्डमा विभिन्न आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरु प्रति सम्मान गर्दै स्मरण गर्न चाहन्छु। साथै घाईते तथा अपाङ्गता हुनु भएका योद्धाहरु र सहिद परिवारमा पनि उच्च सम्मान व्यक्त गर्दछु । आज म यस नगरको १४ औं नगरसभामा आगामी आको नीति तथा कार्यक्रम प्रस्तुतीको महत्वपुर्ण ०८१/२०८० .ब. र ऐतिहासिक क्षणमा उभिएको छु ।

हाम्रो कार्यकालको प्रथम बर्षको समाप्ती संगै गरेका उपलब्धी अनुभव र चुनौतिलाई समेत मध्य एक बर्षे कार्यकालमा प्राप्त , हुने बजेटले मात्र लक्षित आज प्रस्तुत गर्न गईरहेको छु । संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त ,नजर गरेर नीति तथा कार्यक्रम नउद्देश्य र विकास निर्माणका काम पुरा गर्न पर्याप्तहुने हुदाँ स्थानीय स्रोत साधनबाट प्राप्त हुने आवश्यक राजश्व संकलन गरी जनताका अति आवश्यक र अपरिहार्य समस्याहरु समाधान गर्नु पर्ने अवस्था हामी सामु विधमान छ । अत राजश्व संकलनमा आम नगरबासी र सरोकारवाला पक्षहरुले सकारात्मक सहयोग र सहकार्य गर्नुहुन्छ भन्ने विश्वास लिएको छु ।

नगर आवधिक योजना र ,तीको लागि नगर प्रोफायलप्रथम बर्षको कार्यकालमा हामीले यस नगरको विकास निर्माण र समुन्न गर्ने नगर सडक गुरु योजनाहरु साथै आवश्यक ऐन कानुन जस्ता महत्वपुर्ण दस्तावेज तयार पारी त्यही अनुरुप अगाडी बढी लक्ष्य प्राप्ति अठोट गरेका छौ । नगरको विकासको निमित विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संध संस्थाहरु संग सहकार्य गर्दै अगाडी बढ्ने लक्ष्यका साथ कृषीसिचाई जस्ता महत्वपुर्ण क्षेत्रहरुमा साझेदारी गर्दै अगाडी बढ्ने उद्देश्य राखीएको छ । ,पशु ,

"शिक्षामा सुधार देश विकासको आधार" भन्ने मुल ध्येयका साथ यस नगर भित्र रहेका सरकारीसामुदायीक विघालयहरु र , नियन्त्रण र व्यवस्थापन गर्नुको साथै पुर्णकालिन क्याम्पस प्रमुखहरु व्यवस्था गरेर ,निर्देशन ,अनुगमन ,क्याम्पसहरुमा नियमित रेखदेख विघार्थीको पठन पाठन र शैक्षिक क्षेत्रको गुणस्तरलाई उकास्न० प्रयास जारी राखिएको छ । साथै अति विपन्न विघार्थीहरुलाई आवश्यक कानुन बनाई उच्च शिक्षको लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ ।

"जहाँ अभर त्याहाँ नगर" भने झै घाईते अपाङ्गदुर्घटनामा ,मानसिक संतुलन गुमाएकाहरु ,आगलागि ,सर्पदंस ,सुत्केरी , परेकाहरुलाई तत्काल उदार गर्ने कामलाई जारी राख्दै आँखा शिविर ,स्वास्थ्य चेक जाँच लगायतका स्वाथ्य शिविर ,MBBS डक्टर द्वरा १० वटै वडामा नागरिकको स्वास्थ्य चेक जाँच र स्थानीय स्वास्थ्यकर्मी द्वारा सरकारी विघालयका विघार्थीहरुको स्वास्थ्य च०कजाँच गर्ने व्यवस्था गरिएको छ।

"गाउँको विकास बजारको व्यवस्थापन" गर्ने मुख्य ध्येयका साथ यस नगरका विभिन्न बजार क्षेत्रहरुलाई व्यवस्थित गर्नेसडक , सडक छेउछाउ रंगरोगन गर्ने र हरियाली बढाउने र ,सडकपेटीका अनावश्यक टहरा हटाउने ,इन्टरलक ईटा विच्छ्याउने ,वत्ति राख्ने स्थ्यलाई ख्याल गरी खाध्य र उपभोग्य सामाग्रीनागरिकको जनस्वाहरुको गुणस्तरियता चेकजाँच र अनुगमन गराउने कामलाई जारी राख्नुको साथै गाउँको विकासलाई जोड्न विभिन्न ठाउँमा ट्रस ब्रिजहरुबाटोघाटो मर्मत संभार र विस्तारका कार्यहरुलाई ,झोलुङ्गे पुलहरु , स्वास्थ ,शिक्षा ,पर्यटन ,ङ्म सुदृढ गर्दै कृषिनिरन्तरता दिदै यस क्षेत्रलाई अ०्यलक्षित वर्ग र ,सामाजिक क्षेत्र ,खेलकुद ,खानेपानी , संरक्षण गरेको समूहको सर्वाङ्गीण विकास तथा सन्तुलित विकासलाई जोड दिएर शहरलाई सुन्दर सफा र व्यवस्थित शहर बनाउनु राज्यले एको छवनाउनु पर्ने कुरामा विशेष ध्यान पुऱ्या पर्ने र गाँउलाई सुविधा सम्पन्न र विकशितउने।

"समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकांक्षालाई पुरा गर्ने अठोट सहित यो नगरको समृद्धिको खातिर निजि स्वार्थ र ईच्छाहरुलाई थाती राखीराजनितिक ,का व्यक्तित्वहरुयस नगरको विकास निर्माण र समृद्धिको लागि पहल कदमी गर्न विभिन्न क्षेत्र , ,दलका प्रतिनिधिहरु विषय विज्ञहरुसामाजिक अभियन्ताहरु सहितको संयुक्त टोली बनाएर विभिन्न मन्त्रालय र निकायहरुमा पहल , न्तरता कदमीको लागि हाम्रै नगरको नेतृत्वमा योजना मागको निमित्त चरणबद्ध प्रयासहरु गरिएको छ । यी विषयहरुले प्राथामिकता र निर पाउने र यस कुरामा सबैको साथ सहयोग हुने सन्दर्भमा म विश्वस्त छु ।

अव म यस नगरपालिकाको आगामी आ 081/2080 .व.को निति तथा कार्यक्रम यस सम्मानिन नगरसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छुः -

**सभाध्यक्ष महोदय,**

१. प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिइएका आधारहरु:

१. नेपालको संविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दीष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू,
२. नेपाल सरकारको विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्रायमिकताहरू,
३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
४. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
५. नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को बजेट,
६. स्थनीय तहको निर्वाचनको क्रममा हामीले जनताका बीचमा गरेका बाचा तथा प्रतिवद्धताहरु,

७. कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, का विभिन्न प्रावधानहरू,

९. चौदण्डीगढी नगरपालिकाको ५ वर्षे आवधिक योजना (२०८०।८१-२०८४।८५),

१०. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

११. सरोकारवालाहरूबाट प्राप्त राय/सुझावहरू,

१२. नेपाल सरकारको पन्ध्रौं आवधिक योजना (२०७६/०७७-२०८०/०८१)

१३. बिगत वर्षहरूमा सम्पन्न भएका नगर सभाहरूबाट पारित भएका निर्णयहरू,

१४. स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय सल्लाह र सुझावहरू,

१५. लेखापरीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रममा प्राप्त सुझावहरू,

१६. चौदण्डीगढी नगरपालिकाका मौलिक पहिचान तथा विशेषताहरू,

१७. दीगो विकासका लक्ष्यहरू,

१८. योजना तर्जुमा प्रक्रियामा बस्ती तथा वडा तहबाट प्राप्त सुझाव तथा पृष्ठपोषण, आदि ।

१९. नगर सडक गुरु योजना

२. मुख्य नीतिहरुः

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूल रुपमा तपसिलमा उल्लेखित नीतिहरूको आधारमा कार्यक्रम तथा योजना अगाडि बढाइने छ ।

१. "गाउँको विकास र बजारको व्यवस्थापन"लाई मध्यनजर गर्दै विकासका आयोजना तथा कार्यक्रम छनौट गर्दा जनतालाई अनुभुति हुने गरी तत्काल प्रतिफल प्राप्त हुने, रोजगारी सिर्जना तथा आयआर्जन हुने योजनाहरूलाइ निरन्तरता दिइने छ ।

२. नगरपालिकामा श्रम डेस्क स्थापना गरि दक्ष, अर्धदक्ष, अदक्ष श्रमिकहरुको सुचिकृत गरिनेछ । सुचिकृत भएका दक्ष जनशक्तिलाई प्रयोग गर्ने र अर्धदक्ष, अदक्षलाई क्षमता विकास गरी दक्ष जनशक्ति बनाइनेछ ।

३. आयोजनाहरू सञ्चालन तथा सम्पन्न गर्न सरकारी निकाय, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी साझेदार संस्था तथा सरोकारवाला सबै क्षेत्रसँग समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

४. गुणस्तरिय आधारभूत स्वास्थ्य तथा शिक्षामा सबै नागरिकको पहुँच पुर्‍याउँदै नगरबासीको जनजीवन सहज तुल्याउन पहल गरिनेछ ।

५. योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा जनसहभागीतामा जोड दिँदै दिगोपना, पारदर्शीता, जवाफदेहीता एवं नतिजामुखी वनाइन ध्यान दिइनेछ।

६. योजना तथा कार्यक्रम छनौट गर्दा सम्भव र उपलब्ध भएसम्म स्थानीय स्रोत र श्रममा आधारित परियोजनाहरूलाई प्राथमिकता दिइनेछ ।

७. प्राकृतिक स्रोतबाट संकलित राजस्वलाईनगरपालिकामा रहने रकम मध्ये ५० प्रतिशत रकम सम्बन्धित वडा क्षेत्रको विकास, स्रोत संरक्षण, जोखिम व्यबस्यापन लगायतका काममा खर्च गरिनेछ।

८. घाटा बजेट, अवण्डा बजेट, वार्षिक कार्यक्रमको पटक पटक संशोधन जस्ता कार्यलाई क्रमशः निरुत्साहित गर्दै सन्तुलित र अनुमान योग्य बजेट निर्माण तथा कार्यान्वय गरिनेछ ।

यस सम्मानित सभाका सभाध्यक्ष महोदय,

स्थानीय तहको दोस्रो निर्वाचित जनप्रतिनिधीको दोस्रो वर्ष सम्म आईपुग्दा नगरका विविध समस्याहरु लाई पहिचान गर्दै सर्वाङ्गिण विकासको नीति अध्ययन गर्दैधार्मिक सौंस्कृतिक महत्वका ,ऐतिहासिक ,साधन प्राकृतिक सम्पदा,नगर क्षेत्रमा रहेका स्रोत , वस्तुहरुको उचित व्यवस्थापन तथा दिगो सदुपयोग गर्दै नगरवासीको आर्थिक सौंस्कृतिकसामाजिक विकासमा टेवा पुर्याउने प्रयत्न , स्वरुप वडा र नगर स्तरबाट पुर्वाधारहरु तयार गर्न योजनाहरु सञ्चालन गरि कतिपय कामहरु सम्पन्न भैसकेको कुरा सबै सामु छर्लङ्ग छ । नगरको सडक गुरुयोजना निर्माण गरी गाउँ तथा सहरहरु जोड्ने संजाल को निर्माण गर्ने लक्ष्य अनुरुप गुरुयोजनाको निर्माण भै सकेको छतथा नगर आवधीक योजनाहरु समेत निर्माण गरी योजनाबद्ध ढंगले विकास ,आर्थिक उन्नतीको निम्ती पञ्च वर्षिय कृषी रणनीति , निर्माणका कामलाई अगाडी बढाउने कार्यक्रम यस बर्ष तयारी भएको छशैक्षिक क्षेत्र सुधारका निम्ती विधालयको तह थपघट तथा , स्वास्थ्य क्षेत्रमा थप सेवा सुविधा र ,शिक्षक दरबन्दी मिलान साथै शैक्षिक सुधारका निम्ती कार्यविधी निर्माण गरी कार्यान्वयन भैरहेको छ जनसमुदायलाई सेवा लिन सहज बनाउने चाहना अनुरुप आगामी वर्ष थप कार्यक्रमहरु तय भै रहेका छन्कृषी तथा पशु क्षेत्रमा , उपलब्धी मुलक लगानी र सहि सदुपयोग र योजना वद्ध कार्यको लागि हेफर प्रोजेक्ट सङ्गको साझेदारीमा सबै वडाहरुमा कृषी सम्बन्धी वि ,कार्यहरु भैरहेको र उक्त कार्यक्रम परिणाम मुखी र दिगो हुने कुरामा हामी विश्वस्त छौंगत देखीने नगरबाट दिईदै आएको विभिन्न

शाखागत सेवाहरुलाई निरन्तरता दिईएको छ भने केही आर्थिक सहायता र आन्तरिक स्रोत बाट गर्ने लक्ष्य राखियका कार्यक्रमहरु नगरको आयस्रोतमा कमी भएको कारण प्रभावित बनेका छन् । नगरपालिकाले संघिय सरकारबाट प्राप्त गर्नुपर्ने बजेट कटौती र विश्वमा भैरहेको आर्थिक मन्दीबाट यो नगरपालिका पनी अछुतो रहेन जसको परिणाम स्वरुप समयमा सहज ढंगले जनअपेक्षीत आर्थिक सहयोगका कार्यहरु विलम्ब हुनुका साथै उपलब्ध गराउन नसकिएको यथार्थ पनी हामीसँग रह्योअभाव र अप्ठ्यारा हरुको बावजुद पनी , नगरबासीको स्वास्थ्य सेवालाई ध्यान दिदै आखाँ शिविर संचालन गरी जम्मा २२५ जना नगरबासीको निशुल्क आँखा अपरेशन गराउने कार्य सम्पन्न भएको छ बजारको विकासमा ध्यान दिदै भौतिक निर्माण अव्यवस्थित टहराहरुको व्यवस्थापनसडक वतीको व्यवस्थापन , लगायत अन्य कार्यहरु यस बर्ष सम्पन्न भएका छन् साना खोला खोल्सीहरुमा ट्रस ब्रिज ( फलामे पुल ) यसै बर्ष संख्या ७ वटा निर्माण भएका छन् ,विधालय भवन निर्माण ,वडा कार्यालय भवन निर्माण ,विधुत विस्तार ,सिंचाई ,खानेपानी ,साथै ग्राभेल तथा पक्की सडक निर्माण , जस्ता पुर्वाधार विकासका कार्यहरु भएका छन् पर्यटकिय एवम् ऐतिहासिक स्थल चौदण्डीगढीलाई जोड्ने लामो तथा छोटो बाटोहरुको निर्माण भई स्तरोन्नतीको लागि पहल प्रयत्न भैरहेको छ यि र यस्तै अन्य कतिपय भौतिक रुपमा देख्न सकिने र कति अनुभुत गर्न सकिने धेरै कार्यहरु सम्पादन भएका कुरा नै हामीले उपलब्धीको रुपमा लियका छौ।

प्रस्तुत पृष्ठभूमिमा आ .व.२०८०।०८१ को नीति, कार्यक्रम तथा बजेटको समग्र उद्देश्य एवं प्राथमिकता निम्न अनुसार रहेका छन्ः

३. बजेट, नीति तथा कार्यक्रमका उद्देश्यहरुः

१. आम नगरबासीको जीवनस्तरमा सुधार ल्याउने,
२. अनुदान तथा साझेदारी बजेटको उच्चतम् परिचालन गर्दै नगरभित्र रहेका स्रोत साधन, राजश्वको पहिचान र परिचालन गरी नगरको आर्थिक समृद्धि हासिल गर्ने,
३. "आफ्नो टोल आफै बनाऔं", "आफ्नो वडा आफै बनाऔं"र"आफ्नो नगर आफै बनाऔं" भन्ने सोच र भावना सहित दिगोविकास मार्फत समुन्नत र समृद्ध नगर निर्माण गर्ने ।
४. आधारभूत शिक्षा र स्वास्थ्यलाई आम नागरिकको पहुँच योग्य बनाउने।
५. नगर भित्रका सबै हाट बजारको उचित ब्यबस्थापन गरि व्यापारिक नाकाको रुपमा विकास गर्ने ।
६. नगर क्षेत्रमा रहेको पशु तथा कृषि विकासको सम्भावनालाई साकार पार्न पशु तथा कृषि व्यवसायमा आधुनिकीकरण र व्यवसायीकरण गर्ने, उत्पादनलाई बजारसँग जोड्ने र कृषि उत्पादकत्वमा वृद्धि गर्ने।
७. राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरुको उत्पादन गर्ननगर क्षेत्र भित्र खेलकुदको विकास र प्रवर्धन गर्ने ।
८. बजेटलाई वितरणमुखी भन्दा पनि ठोस योजनामुखी र उत्पादनमुखी बनाउने ।
९. विभिन्न प्रकारका विपद् र महामारीबाट हुनसक्ने क्षतिको न्यूनीकरण गर्दै नागरिकको जीवन रक्षामा सहयोग पुर्‍याउने ।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रमका प्राथमिकताहरु देहाय अनुसार रहेका छनः-

- नगरपालिकाकाअधुरा योजनाहरु पुरा गर्ने,
- नगर क्षेत्रमा आवश्यकता अनुसार फलामे पुल/सानो कल्भर्ट/ह्युम पाइप कल्भर्ट निर्माण,
- बजार विकास र ब्यवस्थापन,
- स्वास्थ्य सेवा सुदृढीकरण तथा विभिन्न महामारीको रोकथाम, नियन्त्रण र उपचार,
- सडक, विधुत(काठको पोल विस्थापन समेत), सिचाई(साना सिचाई समेत) लगायतका पुर्वाधार विकास,
- खानेपानी पुर्वाधार,
- शिक्षामा गुणस्तर सुधार र पुर्वाधार विकास,
- कृषि, पशुपंक्षी तथा सहकारी क्षेत्रको विकास,
- लघु उधम विकास, रोजगारी सृजना, सशक्तीकरण र समावेशी विकास,
- पर्यटन पुर्वाधार विकास,
- लक्षित कार्यक्रम,
- जनतासँग उपमेयर कार्यक्रम,
- खेलकुद विकास,
- प्राकृतिक प्रकोप न्यूनीकरण तथा व्यवस्थापन,
- कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास तथा सेवा प्रवाह सुदृढीकरण कार्यक्रम आदि ।

सभाध्यक्ष महोदय,

अब म यस नगरपालिकाको आ.व. ०८०।०८१ को प्रस्तावित क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु:-

४. क्षेत्रगत नीतिहरु:

क. पर्यटन सम्बन्धी नीति:

प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणबाट महत्वपूर्ण रहेको यस चौदण्डीगढी नगरपालिकाको पर्यटन क्षेत्रको विकासका लागि निम्नानुसारका पर्यटन नीति लिइने छ ।

१. नगर क्षेत्रमा बसोबास गर्ने सबै जात जाति/समुदायहरुको मौलिक संस्कृति र परम्पराहरुको जगेर्ना, संरक्षण र प्रवर्द्धन गरिनेछ ।
२. चौदण्डीगढिमा रहेको ऐतिहासिक चौदण्डीगढी दरबार तथा धार्मिक र पर्यटकीय स्थलहरुको संरक्षण र व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
३. नगरपालिका भित्र रहेका मठ मन्दिर, पार्क, झरना, दह, धारा, काठेपुल र सिमसारहरुको संरक्षण र विकास गरिनेछ ।
४. बजार र पर्यटकीय स्थल जोड्न छोटो दुरीको पैदलमार्ग/साइकलमार्ग/सिढीं/सडक/बाटो निर्माण गरिनेछ ।
५. नगर क्षेत्र भित्रको पर्यटकीय विकास र प्रवर्द्धनको लागि निजी क्षेत्र,संघसंस्था,व्यवसायी र स्थानीय समुदायसँग सहकार्य गरी घर बास सेवा(होमस्टे) संचालन गर्न प्रोत्साहन गरिनेछ ।
६. दुधकोशीमा जलयातायात संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
७. सम्भावित क्षेत्रलाई अध्ययन गरि धार्मिक पर्यटकीय वनको रुपमा विकास गर्न पहल गरिनेछ ।
८. ऐतिहासिक चौदण्डीगढी दरबारबाट उडान भैरहेको प्याराग्लाईडिंग सेवालाई व्यवसायिक बनाउन पहल गरिनेछ .
९. चौदण्डीगढी नगरपालिका भित्रका पर्यटकीय गन्तव्यहरुको वृत्तचित्र निर्माण गरि प्रचारप्रसार गरिनेछ ।

ख. सार्वजनिक खर्च सम्बन्धी नीति:

सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, विश्वसनीय र पूर्व अनुमान योग्य बनाउन निम्न नीति लिइनेछ ।

१. वित्तीय सुशासन र पारदर्शीता सुनिश्चितताका लागि वित्तीय जोखिम न्यूनिकरणको पहल गरिनेछ ।
२. नगरपालिकाका बिशेष महत्वका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार गरी कार्यान्वयन गरिनेछ ।
३. नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुलाई समयमानै कार्यान्वयन गर्न अधिकतम प्रयास गरिनेछ ।
४. सार्वजनिक खर्चलाई पारदर्शी र जवाफदेही बनाउन वित्तीय अनुशासन पालना गरिनेछ ।
५. नगरपालिकाबाट योजना तथा कार्यक्रम छनौट गर्दा टुक्रे र छरिएका योजना तथा कार्यक्रमलाई निरुत्साहित गर्दै देखिने र जनताले अनुभुत गर्ने खालका योजना तथा कार्यक्रमहरु छनौट गरिनेछ ।

ग. राजश्व परिचालन सम्बन्धी नीति:

विकासका लागि आवश्यक खर्चको श्रोतका रुपमा आन्तरिक श्रोतलाई प्रभावकारी रुपमा पहिचान, संकलन र परिचालन गर्न निम्नानुसारका नीति लिइनेछ ।

१. कर र राजश्वको दिगो श्रोत व्यवस्थापनका लागि करका दर र दायरालाई समय सान्दर्भिक रुपमा निर्धारण गर्दै सूचना प्रविधिमा आधारित कर प्रणाली अवलम्बन गरिने छ ।
२. राजश्व सुधार कार्ययोजनाको पुनरावलोकन गरी राजश्व संकलनलाई अनुमान योग्य बनाइनेछ ।
३. करको दायरामा नसमेटिएका क्षेत्रहरुलाई करको दायरामा ल्याई कर र राजश्वको आधार फराकिलो बनाइनेछ ।
४. कर संकलन र करदाता शिक्षालाई करदाता मैत्री बनाउनका लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
५. नगरपालिकाका करदाता मध्येबाट नियमित र उत्कृष्ट करदाता पहिचान गरी पुरस्कार र सम्मान गरिनेछ ।
६. राजस्व संकलनलाई सरल, सहज र पारदर्शी बनाउन डिजिटल भुक्तानी सेवा प्रारम्भ गरिनेछ ।
७. राजश्व परामर्श समिति र राजश्व शाखाका कर्मचारीको क्षमता विकास गरीनेछ ।

घ. सहकारी सम्बन्धी नीति:

नेपालको संविधानले अर्थतन्त्रको विकासको लागि सहकारी क्षेत्रलाई एक महत्त्वपूर्ण आधारका रुपमा लिएको अवस्थामा नगरको विकासमा सहकारी क्षेत्रको योगदानलाई बढाउनका लागि निम्न नीतिहरु अवलम्बन गरिनेछ ।

१. नगर क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको क्षमता विकास गरि अनुगमन र नियमन गरिनेछ ।
२. सबै सहकारी संस्थाहरुलाई सहकारी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) मा आवद्ध गरिनेछ ।

३. यस न.पा भित्रका विषय र उद्देश्य मिल्ने सहकारी संस्थाहरुलाई एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।
४. साना उद्योग संचालन गर्न इच्छुक बहुउद्देश्यीय सहकारीलाई स्थानीय साझेदारी गरी उद्योग खोल्न प्रवर्द्धन गरिनेछ ।

ङ. कृषि तथा पशुपंछी विकास सम्बन्धी नीति:

यस नगर क्षेत्रका अधिकांश बासिन्दा कृषिमा निर्भर रहेका कारण कृषिको आधुनिकीकरण र व्यवसायीकरण गरी ग्राम कृषकको जीवनस्तरमा परिवर्तन ल्याउनका लागि निम्न अनुसारका नीतिहरु लिइनेछ ।

१. तरकारी र तरकारी जन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि नगर क्षेत्रमा "एक घर एक करेसाबारी, रोपौं आफ्नो लागि आफै तरकारी" भन्ने भावना सहित करेसाबारी खेतीलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।
२. चौदण्डीगढी नगरपालिकाको समग्र कृषि तथा पशुको उत्पादन, आयात र निर्यातको तथ्यांक राख्ने व्यवस्था मिलाइने छ ।
३. नगर क्षेत्रकाउत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
४. ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन, उत्पादकत्व र गुणस्तर अभिबृद्धि गर्दै व्यवसायिक कृषिको विकास गर्न कृषकहरुलाई प्रोत्साहन र सहयोगको नीति अवलम्बन गरिनेछ ।
५. गाउँमा उत्पादित तरकारी संकलन तथा बिक्रिवितरण केन्द्रको व्यवस्थापन गरीनेछ ।
६. उन्नत जातका विउ विजन स्थानीय स्तरमै उत्पादन गरि वितरण गर्न प्राविधिक अध्ययन गरि उपयुक्त क्षेत्रमा विउ उत्पादन कार्यको सुरुवात गरिनेछ ।
७. चक्ला बन्दी खेतीको अवधारणालाई विस्तार गरिनेछ ।
८. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरता बढाउन नगरका सम्भावित वडाहरुमा फलफुल तथा अन्नबाली उत्पादनका पकेट, ब्लक, जोन तथा सुपरजोनको विकास गरी व्यवसायिक खेती प्रणाली मार्फत खाद्य सुरक्षालाई प्राथमिकता दिईने छ ।
९. अर्गानिक कृषि उत्पादन प्रवर्द्धन गर्न विषादी न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।
१०. पशुपंक्षीजन्य उत्पादन प्रवर्द्धन गर्दै नगरबासीलाईअण्डा, मासु, माछा र दुधमा आत्मनिर्भर बनाउदै नागरिकलाई कुपोषित हुनबाट बचाउन योजनाहरु संचालन गरिनेछ ।
११. नगर क्षेत्रमा सञ्चालित पशु हाट बजारहरुलाई व्यवस्थित गराई पशु किनबेचलाई राजस्वको दायरा भित्र ल्याई नियमन गरिनेछ ।
१२. गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन र प्रयोगका साथै दाना, औषधि, घाँस समिश्रण मिनरल, ब्लक आदि उत्पादन र प्रयोगमा जोड दिइने छ ।
१३. मासुको गुणस्तर र स्वास्थ्यलाई कायम राख्न पशु बधशालालाई व्यवस्थित गर्दै सोको नियमित अनुगमन र नियमन गरिनेछ ।
१४. कृषि तथा पशुविमाकार्यक्रमलागुगर्नेव्यवस्थामिलाईनेछ।
१५. व्यसायिक पशुपंक्षी फर्महरुको विकास र प्रवर्द्धन गर्दै लगिनेछ ।
१६. कृषि तथा पशुपंछी क्षेत्रको व्यवसायिक उत्पादन बढाउनकृषि तथा पशुपंछी बजार व्यवस्थापन समितिगठन गरी क्रियाशील बनाइनेछ
१७. फलफुल र नगदे बालीलाई व्यबसायिक बनाउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
१८. कृषकहरुलाई समूहमा आवद्ध भई कृषि कार्य संचालन गर्न प्रोत्साहन गर्दै कृषि समूह दर्ता प्रकृयालाई व्यवस्थित र सरल बनाइने छ
१९. युवा जनशक्तिलाई उपयुक्त प्रविधि, सीप र पूँजी उपलब्ध गराई कृषि तथा पशुपालन क्षेत्रमा आकर्षित गर्न पहल गरिनेछ ।
२०. स्थानीय पशुपंक्षीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न उन्नत नश्लका पशुपंक्षीको वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।
२१. यस नगर क्षेत्र भित्र व्यवसायिक वंगुर पालनलाई प्रवर्द्धन गर्दै उत्पादित मासुको प्रसोधन तथा विक्रीवितरणलाई प्रवर्द्धन गरिनेछ ।
२२. यस नगरपालिकाको पहाडी क्षेत्रमा रहेका वडा नं. १, २, ३ र ८ लाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत अदुवा, वेसार जोन कार्यक्रमलाई निरन्तरता दिईने छ ।
२३. कृषि तथा पशु क्षेत्रमा कार्य गर्ने राष्ट्रिय,अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ सस्थाहरु संग साझेदारी र सहभागिता मुलक लगानीमा कार्य गरिनेछ साथै कार्यगरिरहेका संस्थाहरुसंगको सहकार्यलाई निरन्तरता दिइनेछ
२४. प्रत्येक वडामा कृषि प्राविधिक सेवा उपलब्ध गराउने व्यबस्था मिलाइने छ
२५. कृषि सम्बन्धी पंचवर्षीय रणनीति तयार गरि कार्यान्वयन गरिनेछ

च. सिंचाई सम्बन्धी नीति:

कृषि विकासको अपरिहार्य आधारको रुपमा रहेको सिंचाइ क्षेत्रलाई विकास गर्नका लागि देहायका नीतिहरु लिइनेछ ।

१. निर्माणाधीन सिंचाई योजनालाई निरन्तरता दिइनेछ भने निर्माण सम्पन्न भईसकेका सिंचाई प्रणालीहरुको मर्मत सुधार एवम् दिगो व्यवस्थापन गरिनेछ ।
२. यस नगरपालिका भएर बग्ने त्रियुगा नदीका विभिन्न सम्भाव्य स्थानमा आधुनिक लिफ्ट प्रविधिको सिंचाई आयोजना सञ्चालनका लागि संभाव्यताअध्ययन गरिनेछ ।
३. साना सिंचाईका उपयुक्त प्रविधिहरुको प्रयोग गरी वर्षैभरि सिंचाई सुविधा उपलब्ध गराउन जोड दिइनेछ।
४. कृषिको विकासका लागि बाह्रै महिना सिंचाई हुने योजनाहरुलाई प्राथमिकता दिदै नगरको आफ्नै श्रोत वा राष्ट्रिय ,अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ सस्था हरु संग साझेदारी र सहभागिता मुलक लगानीमा कार्य गरिने छ

छ. खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः

नगरबासीलाई आधारभूत सरसफाइ तथा खानेपानी सुविधाको सुनिश्चितता लागि निम्न नीतिहरु लिइनेछः

१. राजमार्ग आसपास र सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माणका लागि पहल गरिनेछ ।
२. फोहरमैला व्यवस्थापन तथा सरसफाइ प्रवर्द्धनका लागि जनचेतनाको विस्तार गर्दै नागरिकमा "घर आँगन सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं" तथा "फोहरलाई मोहरमा परिणत गरौं" भन्ने भावना बिकास गर्दै उत्पादित फोहरलाई प्राङ्गारिक मलका रुपमा परिणत गरिनेछ ।
३. प्रत्येक स्वास्थ्य संस्था तथा अस्पतालबाट संकलित फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।
४. फोहोरमैला व्यवस्थापनको लागि सरोकारवालाको सहमति र सहकार्यमा उपयुक्त स्थानमा ल्यान्डफिल साइटको व्यवस्था गरिनेछ
५. नगर क्षेत्र भित्र विगत लामो समयदेखि स्थापना भई सञ्चालनमा रहेका विभिन्न खानेपानी र सिंचाइ उपभोक्ता समितिहरु मध्ये निस्क्रिय अवस्थामा रहेका उपभोक्ता समितिहरुलाई पुनः क्रियाशील बनाउनका लागि सम्बन्धित वडाको समन्वयमा सरोकारवाला आम उपभोक्ताहरुको भेला गराई उपभोक्ता समितिहरुको पुनर्गठन गरी क्रियाशील गराइने कार्यलाई निरन्तरतादिइने छ ।
६. नगर क्षेत्रमा स्वच्छ खानेपानी सेवा विस्तार गर्दै लगिने छ र यसको लागि "एक घर एक धारा"को नीतिलाई निरन्तरता दिईनेछ ।
७. हाल भइरहेको फोहरमैला संकलन र व्यवस्थापन कार्यलाई थप व्यवस्थित गरी प्रभावकारीरुपमा निरन्तरता दिईनेछ ।

ज. वन तथा वातावरण सम्बन्धी नीतिः

वन वातावरण संरक्षण र हरियाली प्रवर्द्धनका लागि निम्न नीतिहरु लिइनेछ ।

१. नगर क्षेत्रका वनहरुमा जैविक विविधता, सीमसार, पानीको मुहान, कुवा, इनार संरक्षण लगायतका कार्यबाट वन वातावरणको संरक्षण र प्रवर्धन गरिने छ ।
२. नगर क्षेत्र भित्रका सम्भावित स्थानहरुमा उद्यान तथा बगैंचाहरु विस्तार गर्दै लगिने छ ।
३. यस नगरपालिका क्षेत्रमा बाँस खेतीलाई जोड दिँदै बाँसजन्य उत्पादन बढाउन प्रोत्साहन गरिनेछ ।
४. नगरपालिका र साझेदार निकायहरुसँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन उत्थानशील कार्यक्रम सञ्चालन गरिनेछ ।
५. वन वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समिति र डिभीजन/सब-डिभीजन वन कार्यालयहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
६. नगर क्षेत्रका सार्वजानिक खाली भाग, नाङ्गा डाँडा पाखा तथा सडकका दायाँबायाक्षेत्रमा स्थानीय समुदाय, सम्बन्धित वडा र सामुदायिक वनहरुको सहभागीतामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
७. नगर क्षेत्र भित्रका सम्भावित स्थानमा पोखरी निर्माण एवं प्राकृतिक पोखरीहरुको संरक्षण, सम्बर्द्धन गर्दैलगिने छ ।
८. नगरक्षेत्रमा धुलो र प्रदुषण हुन नदिन आफ्नै टयाङ्करबाट सडकमा पानी छिट्ने कामलाई निरन्तरता दिईनेछ ।
९. नयाँ घर निर्माणका लागि बनाउँदा कम्तिमा दुईवटा फलफुल वा उपयुक्त विरुवा रोप्नु पर्ने नीति लाई निरन्तरता दिईनेछ।
१०. वन वातावरण संरक्षण सम्बन्धी जनचेतना मुलक क्रियाकलाप सञ्चालन गरिने र समय समयमा वृक्षा रोपणको कार्यक्रमहरु संचालन गरिनेछ ।
११. नगर क्षेत्र भित्रका सामुदायिक वनहरुबाट उत्पादित वन पैदावार र काष्ठजन्य उत्पादनलाई व्यवसायिक र मूल्य श्रृंखलामा आधारित बनाउनका लागि कच्चा काठ वा गोलिया निर्यातलाई निरुत्साहित गर्दै सामुदायिक वनहरुको सहकार्यमा सम्भाव्य क्षेत्रमा काठ प्रशोधन मिल(स मिल) स्थापना र सञ्चालन गरी तयारी काठ निर्यात प्रवर्द्धन गरिनेछ ।

झ. शिक्षा सम्बन्धी नीतिः

नागरिकको आधारभूत अधिकारको रुपमा रहेको शिक्षा क्षेत्रको विकासका लागि निम्न नीतिहरु लिइनेछः

१. "शिक्षामा सुधार देश बिकासको आधार "भन्ने भावना विकास गर्दैनगर क्षेत्रको शैक्षिक गुणस्तर बढाउन विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी र जवाफदेही बनाउनका लागि विद्यालयहरुको कार्यसम्पादन परीक्षण गरिने र कार्यसम्पादनमा आधारित लगानीको नीति लिइनेछ ।

२. विद्यालयको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धी अभिवृद्धिका लागि प्रधानाध्यापक सँग कार्यसम्पादन करार कार्यलाई निरन्तरता दिईनेछ र शिक्षकहरुको कार्यसम्पादनलाई विद्यार्थीहरुले हासिल गरेको नतिजासँग आबद्ध गरिनेछ ।

३. शैक्षिक गुणस्तर सुधारका लागि सरोकारवालाहरुसँग समन्वय सहकार्य तथा शैक्षिक संस्था तथा नगर क्षेत्र भित्र सञ्चालित ट्युसन/कोचिङ सेन्टर, शैक्षिक परामर्श केन्द्र, मन्टेशोरी, सामुदायिक अध्ययन केन्द्र, तालिम प्रदायक संस्था, सामुदायिक पुस्तकालय आदिको निरन्तर अनुगमन र नियमन गरिनेछ ।

४. यस नपाको वडा नं. ६ मा सञ्चालित ज्योति जनता बहुमुखी क्याम्पस र वडा नं. ४ मा सञ्चालित नारद आदर्श शिक्षा क्याम्पसको पूर्वाधार विकास तथा स्तरोन्नती गर्दै लगिनेछ ।

५. प्रारम्भिक बालशिक्षा र गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको सुनिश्चित गरिने छ ।

६. शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक क्रियाकलापलाई अध्ययन अनुसन्धानमा तथा सूचना प्रविधिमा आधारित बनाई उत्पादन र रोजगारमुखी बनाइनेछ ।

७. आधारभूत तहमा स्थानीय भाषा प्रयोग हुने गरीस्थानीय पाठ्यक्रम लागु गर्न विज्ञहरुको समूह गठन गरी प्रक्रिया अगाडि बढाइनेछ ।

८. प्राविधिक, व्यवसायिक र जीवन उपयोगी शिक्षालाई प्रवर्द्धन गर्न नगर क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयहरुलाई फरक फरक विषयका प्राविधिक धारको विशिष्टिकृत विद्यालयको रुपमा विकास गरिनेछ ।

९. विद्यालयहरुको मागको आधारमा स्रोतको व्यवस्थापन गर्नुका साथै नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा आवश्यकता र औचित्यताको आधारमा दरवन्दी मिलान, विद्यालय समायोजन, तह तथा कक्षा थप तथा मिलान,कक्षा घटाउने, विद्यालय गाभ्ने, विषयगत, कक्षागत र न्यूनतम विद्यार्थी शिक्षक अनुपात कायम गर्ने लगायतका कार्यहरु गरिनेछ ।

१०. विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई "विद्यालय भित्राउने, टिकाउने र सिकाउने " नीति लिइनेछ ।

११. शिक्षकले कक्षामा विताएको समयलाई विद्यार्थी सामु रहने गरी कक्षा कोठामा सासाहीक शिक्षण अभिलेख बोर्ड र घडी राखी सासाहिक रुपमा यसको अनुगमन नगरपालिकाको शिक्षा शाखाबाट गरिने प्रबन्ध मिलाइनेछ ।

१२. शिक्षकले आफुले पढाएको विद्यार्थीको सिकाइ उपलब्धीलाई सुनिश्चित गर्नका लागि माथिल्लो कक्षामा विद्यार्थी भर्ना गर्दा अर्को कक्षाको शिक्षकलाई विद्यार्थीको सिकाई उपलब्धी सहितको दोहोरो भर्पाई गरी विद्यार्थी जिम्मा लिइने परीपाटीको थालनी गरिनेछ ।

१३. नगर क्षेत्र भित्रका संस्थागत विद्यालयले बार्षिक कूल आम्दानीको(शिक्षा ऐन, नियमावलीमा तोकिए बमोजिमको प्रतिशत) रकम नगर शिक्षा कोषमा जम्मा गर्ने र उक्त रकमबाट सामुदायिक विद्यालयको स्तरोन्नति गर्ने नीति अवलम्बन गरिने छ ।

१४. नगर क्षेत्रका सम्भावित सामुदायिक विद्यालयहरुमा कानुन विषय तथा प्राविधिक धारका विषय थप गर्न पहल गरीनेछ ।

१५. सबै सामुदायिक विद्यालयहरुमा बाल विकास केन्द्र स्थापनाको लागि पहल गरिनेछ र समुदायस्तरमा आवश्यकताका आधारमा शिशु स्याहर केन्द्र स्थापना गरिनेछ ।

१६. नगर क्षेत्रभरीका विद्यालयहरुमा बाल क्लब गठन गरीवडास्तरीय र नगरस्तरीय बाल सञ्जाल निर्माण गरिनेछ ।

१७. शिक्षा क्षेत्रको विकास र प्रवर्द्धनका लागि नगर शिक्षा समितिलाई थप क्रियाशील र प्रभावकारी बनाइनेछ ।

१८. विद्यार्थी मेयर भलाकुसारी कार्यक्रम संचालनमा गरिने छ

१९. नगर उच्च शिक्षा छात्रवृत्तिकार्यक्रम संचालन गरि नगर भित्रका विपन्न विद्यार्थीहरुलाई नगर भित्रै उच्च शिक्षा हासिल गर्न सहयोग गरिनेछ

२०. संस्थागत विद्यालयहरुको शुल्क पुनरावलोकन गरी वैज्ञानिक र मापदण्डमा आधारित वनाइनेछ ।

२१. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि नगरपालिका सहरी स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ ।

२२. चौदण्डीगढीको शिक्षा क्षेत्रको अनुसन्धान प्रतिबेदन तयार गरिने छ

२३. नगर क्षेत्रका सम्पूर्ण आधारभूत विद्यालयहरुमा इन्टरनेट सेवा को पहुच पुराईने

२४. नगर क्षेत्रको शैक्षिक गुणस्तर बढाउन विद्यालय र शिक्षकहरुलाई थप प्रभावकारी र जवाफदेही बनाउनका लागि विद्यालयहरुको कार्यसम्पादन परीक्षण गरिने र कार्यसम्पादनमा आधारित पुरस्कार र प्रोत्साहनकोव्यवस्था गरिनेछ ।

**ञ. जनस्वास्थ्य तथा पोषण सम्बन्धी नीतिः**

नगरबासीको आधारभूत स्वास्थ्यको मौलिक अधिकारलाई प्रत्याभूत गर्न र कुपोषणको समस्यालाई न्यूनिकरण गर्नका लागि निम्न नीतिहरु लिइनेछ ।

१. यस नगरपालिकामा रहेकोप्राथमिक स्वास्थ्य केन्द्र बेल्टारमा मात्र चिकीत्सकीय सेवा उपलब्ध रहेको र भौगोलिक विकटताका कारण उक्त सेवामा सबैको पहुँच पुग्न नसेकेको अवस्थालाई मध्यनजर गरी चिकीत्सकीय सेवालाई कम्तिमा मासिक रुपमा नगरक्षेत्रका सबै स्वास्थ्य संस्थाहरु मार्फत उपलब्ध गराइनेछ ।

२. जनस्वास्थ्य तथा पोषण बारे सचेतना कार्यक्रम सञ्चालन गरी बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

३. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरुको सुदृढीकरण, स्वास्थ्यकर्मीहरुको क्षमता विकास र औषधि तथा उपकरणहरुको व्यवस्थाबाट स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ र स्वास्थ्य संस्थाहरुबाट जनस्वास्थ्य तथा विभिन्न प्रकारका सर्ने र नसर्ने रोगहरुको बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरुलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

४. मातृ शिशु स्वास्थ्य सुरक्षाका र प्रजनन स्वास्थ्य सुधारका लागि विभिन्न सचेतनामुलक कार्यक्रम, स्वयंसेविका परिचालन तथा विभिन्न परामर्श मुलक कियाकलपहरु सञ्चालनमा ल्याइनेछ ।

५. कुपोषित बालबालिका रहित नगर बनाउन गर्भवती र सुत्केरी आमाहरुलाई पोषण सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. गर्भवती र सुत्केरी आमा र बच्चाको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै घर देखि स्वास्थ्य संस्था र स्वास्थ्य संस्था देखि घर सम्म आवागमनका लागी गर्दै आएको निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ

७. नगर भित्रका सबै एम्बुलेन्स सेवाको प्रभावकारी व्यवस्थापनका लागि भुगोल र क्षेत्रको सन्तुलन मिलाई उपयुक्त स्थानहरुबाट एकीकृत एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

८. वडाका सबै स्वास्थ्य संस्थाहरुमा २४ घण्टे बर्थिङ्ग सेन्टर सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधारहरु विस्तार गर्दै लगिनेछ ।

९. नगर अस्पतालबाट प्रवाह हुने सर्पदंशको उपचारलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१०. चौदण्डीगढी नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पताल लहानको सहकार्यमा नगर अस्पताल बेल्टार अन्तरगत शुरु भएको आँखा तथा कान उपचार सेवालाई थप प्रभावकारी बनाउँदै क्रमशः अपरेशन (सर्जरी) सेवा शुरुवात गर्न पहल र समन्वय गरिनेछ ।

११. नेपालका प्रतिष्ठित अस्पतालहरुसँगको समन्वय र सहकार्यमा नगर क्षेत्रमा विशेषज्ञ स्वास्थ्यकर्मीबाट स्वास्थ्य उपचार सेवा उपलब्ध गराइनेछ ।

१२. वडा तथा समुदायस्तरमा रहेका महिला स्वास्थ्य स्वयम सेविकाहरुका लागि क्षमता अभिवृद्धिका साथै उपचार खर्च र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. सुर्तिजन्य एवं मदिराजन्य वस्तुको उत्पादन र विक्री वितरणलाई नियमन तथा व्यवस्थापन गरिने छ ।

१४. यस नगरपालिकालाई पूर्णखोपयुक्त नगरपालिकाको रुपमा निरन्तरता दिइने छ ।

१५. नेपाल सरकारले तोकेका विभिन्न ८ प्रकारका दीर्घरोगका विपन्न विरामीहरुको उपचारको लागि उपलब्ध गराउँदै आएको आर्थिक सहयोगलाई थप वैज्ञानिक बनाउँदै निरन्तरता दिइनेछ ।

१६. बालबालिकाको पोषण सुधारका लागि तौल अनुगमन र पौष्टिक आहार कार्यक्रम संचालन गरिनेछ ।

१७. किशोर किशोरीको पोषण सुधारका लागि स्वास्थ्य शिक्षा परामर्श सहित विद्यालय गएका तथा विद्यालय भन्दा बाहिर रहेका सबै किशोरीहरुलाई आइरन चक्की वितरणलाई अझै प्रभावकारी ढङ्गबाट अघि बढाइनेछ ।

१८. यस नगरपालिकाको प्रमुख स्वास्थ्य संस्थाको रुपमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारको भौतिक पूर्वाधार र जनशक्तिको उचित व्यवस्थापन गर्दै नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भइरहेको सेवालाई थप सुदृढ र प्रभावकारी बनाउँदै दन्त चिकित्सा सेवा समेत थप गरिनेछ ।

१९. यस नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रमप्रति आमनगरबासीको आकर्षण बढीरहेकोले यस कार्यक्रमलाई थप प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

२०. उदयपुर जिल्लाका सबै पालिका, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र स्वीस सरकारको सहयोगमा यस नपाको वडा नं. ६ मा निर्मित कोभिड विशेष अस्पताललाई कोशी प्रदेश स्तरीय सरुवा रोग विशेष अस्पताल वा ट्रमा सेन्टरको रुपमा संचालन गर्न कोशी प्रदेश सरकार, नेपाल सरकार र अन्य सहयोगी निकायाहरुसँग समन्वय र पहल गरिनेछ ।

२१. यस नगरपालिकाको प्रमुख स्वास्थ्य संस्थाको रुपमा रहेको प्रायामिक स्वास्थ्य केन्द्र बेल्टारलाई आधारभूत अस्पतालमा परिणत गर्न सम्बन्धित निकायमा पहल गरिने छ

२२. नेपालका प्रतिष्ठित अस्पतालहरुसँगको समन्वय र सहकार्यमा नगर क्षेत्रमा विशेषज्ञ स्वास्थ्यकर्मीबाट स्वास्थ्य शिविर कार्यक्रम संचालन हुँदै आएको र उक्त कार्यक्रमप्रति आमनगरबासीको आकर्षण बढिरहेकोले यस कार्यक्रमलाई थप प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

ट. महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीतिः

समावेशी विकासका माध्यमबाट मात्र विकासको प्रतिफल र लाभ सबै नगरबासीहरुमा पुग्ने भएकोले महिला तथा बालबालिकाहरुको विकासका लागि निम्न नीतिहरु लिइनेछः

१. विकास तथा योजना प्रक्रियामा महिला तथा बालबालिकाको सहभागितालाई सुनिश्चित गर्दै लगिनेछ ।
२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
३. बालबालिका र किशोर किशोरीहरुको अधिकारको संरक्षण र प्रवर्धन तथा सर्वाङ्गिण विकासका लागि पहल गरिने छ ।
४. हिंसा पीडित र प्रत्येक महिला, बालबालिका तथा जेष्ठ नागरिक लगायतलाई सुरक्षित व्यवस्थापनका लागि नगरपालिका क्षेत्र भित्र सेफ हाउस स्थापना र निर्माणका लागी पहल गरिनेछ ।
५. महिला, बालबालिका र किशोर किशोरीमा हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक, प्रवर्धनात्मक र पुनर्स्थापनात्मक क्रियाकलापहरु सञ्चालन गरिने छ ।
६. सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध गर्ने नीति लिइनेछ ।
७. स्थानीय तहलाई युवा तथा किशोरकिशोरीमैत्री स्थानीय तह, परम्परागत हानिकारक अभ्यास, विभेद र हिंसामुक्त स्थानीय तहका रुपमा विकास गर्न पहल गरिने छ ।
८. युवाहरुको क्षमता, सीप, अध्ययन, अनुसन्धान लगायतका कुरालाई व्यवस्थित एवं वैज्ञानिक ढंगले गर्न र युवाहरुको अर्थपूर्ण सहभागिता तथा नेतृत्वलाई जोड दिन स्थानीय युवा नीति तयार गरी पूर्ण परिचालन गरिनेछ ।
९. हिंसा प्रभावितहरुलाई उपचार, पुर्नस्थापना, अन्य आवश्यकसहयोग, सुरक्षावास, कानुनी परामर्श र मनोविमर्श लगायतका सेवा संचालन गरिनेछ ।
१०. नगर क्षेत्र भित्रका एकल तथा असाहाय महिलाहरुको आत्मसम्मान बढाउँदै त्यस्ता विपन्न एकल महिलाहरुलाई पेशागत व्यवसायिकता तर्फ उन्मुख गराउन लघु उघम विकास कार्यक्रम मार्फत आवश्यक व्यवसायिक सीप विकासका कार्यक्रमहरु मार्फत आयआर्जन र रोजगारीको प्रवर्द्धन गरिनेछ ।
११. परम्परागत सामाजिक विकृती, अन्धविश्वास तथा कुरीतिन्यूनीकरण अभियान संचालन गरिने छ ।
१२. सामुदायिक मनोविमर्श सेवालाई सबै वडामा विस्तार गरिनेछ ।
१३. नगरपालिका लगायत नगरपालिका मातहतको कार्यालयतथा सार्वजनिक स्थालहरुमा महिलाको सेवा सुविधाकोलागि स्तनपान कक्ष निर्माणको लागि पहल गरिने छ ।
१४. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित लगायतका लक्षित बर्गलाई क्षमता विकास, सशक्तीकरण तथा सचेतनामुलक कार्यक्रम तथा आयआर्जन मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
१५. नगर क्षेत्र भित्रका जेष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्ने तथा जेष्ठ नागरिकहरुलाई लक्षित गरी "जेष्ठ नागरिक शितल चौतारी कार्यक्रम"को व्यवस्था गरिनेछ ।
१६. सुरक्षित आप्रवासन कार्यक्रम(सामी) र नेपाल मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC) नेपालद्वारा सञ्चालित कार्यक्रमहरुलाई नगरपालिकाको समेत साझेदारीमा निरन्तरता दिइनेछ ।
१७. योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता र लाभ सुनिश्चित गर्नका लागि लैङ्गिक उत्तरदायी बजेट (GRB) को अवधारणा अनुसार नीति, कार्यक्रम, बजेट, योजना तर्जुमा र कार्यान्वयनमा महिलाहरुको क्षमता विकास हुने, सहभागिता बढ्ने, रोजगारी अझ बृद्धि हुने र महिलाहरुको परम्परागत कार्यबोझमा कमी ल्याउने व्यवस्था मिलाइनेछ ।
१८. बालविवाह अन्त्यका लागी किशोरी सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ

ठ. जनतासँग उपमेयर कार्यक्रम सम्बन्धी नीतिः

आम जनता र निर्वाचित जनप्रतिनिधि बीच विश्वासपूर्ण सम्बन्ध कायम गर्दै स्थानीय सरकारको अनुभूति र अपनत्व दिलाउन तथा स्थानीय सरकारलाई जनताको सुख दुःखको सहयात्री बनाउनका लागि नगरपालिकाबाट संचालित जनतासँग उपमेयर कार्यक्रमलाई निम्न नीति सहित निरन्तरता दिइनेछः

१. अति विपन्न नागरिकहरुलाई आपतकालिन सहयोग र महिलाहरुलाई गर्भवस्था देखि भिडियो एक्सरे तथा अन्य जाँचहरु निशुल्क रुपमा उपलब्ध गराइनेछ ।
२. सुत्केरी महिलाहरुका लागि सुत्केरी कोसेली कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. मृत्युसंस्कार खर्च सहयोग, विपद विशेष राहत कोष जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
४. सुनौलो हजार दिनका आमाहरुलाई पूर्णपोषणको लागि वितरण गरिने पोषण प्याकेजलाई निरन्तरता दिइनेछ ।
५. शुन्य घर प्रसुती (Zero Home Delivery) लाई निशुल्क एम्बुलेन्स सेवा समेतको माध्यमबाट प्रोत्साहन गरिनेछ ।

ड. सामाजिक सुरक्षा सम्बन्धी नीतिः

नगरवासीकोसामाजिक सुरक्षाको हकलाई प्रत्याभूत गर्नका लागि निम्न नीतिहरु लिइनेछः

१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहका व्यक्तिहरुको मूल अभिलेखलाई विघुतीय व्यवस्थापन सूचना प्रणाली(MIS)बाट अद्यावधिक गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण व्यवस्थापन अन्तर्गत सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजना कार्यक्रमलाई नगरपालिकाको साझेदारीमा निरन्तरता दिइनेछ ।
२. सामाजिक सुरक्षाका लाभग्राहीहरुको विकास र प्रवर्द्धनका लागि विभिन्न लक्षित कार्यक्रम तथा उघमशीलता र स्वरोजगार मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिइने र भत्ता प्राप्त गर्ने पूर्ण अशक्त तथा बैंकसम्म आवागमन गर्न असमर्थ ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका लाभग्राहीहरुलाई सम्बन्धित वडा र बैंकको सहकार्यमा घरघरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

ढ. युवा तथा खेलकुद सम्बन्धी नीतिः

युवा शक्ति नगरको समग्र विकासको मूल आधार र खेलकुद नगरको पहिचान बन्न सक्ने भएकोले युवा तथा खेलकुद विकासका लागि निम्न नीतिहरु लिइनेछः

१. समाजमा रहेका युवाहरुलाई नकारात्मक क्रियाकलापमा संलग्न हुनबाट जोगाउँदै युवाहरुमा नैतिक चारित्रिक गुण एवं अनुशासनको विकास गर्नका लागि नगरस्तरीय युवा सञ्जाल निर्माण मार्फत युवाहरुलाई खेलकुद लगायतका विभिन्न सकारात्मक क्रियाकलापमा आवद्ध गराइने छ ।
२. नगरस्तरीय खेलकूद समितिसँगको समन्वयमा विविध प्रकारका आन्तरिक तथा बाह्य खेलकूद क्रियाकलापहरु संचालन गरिनेछ ।
३. खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व बिकास गर्नवडाहरुमा सम्भाव्यताको अध्ययन गरी खेलमैदान निर्माण,व्यायामशाला को निर्माण गरि वडास्तरिय खेलकुद गतिविधि सञ्चालन लगायतका क्रियाकलापहरु संचालन गरिनेछ
४. विभिन्न विधाका खेलकुदको विकास र खेलाडी उत्पादन बढाउनका लागि खेल प्रशिक्षकहरुको परिचालन गरिनेछ ।
५. खेलकुदको विकास र प्रचारप्रसारका लागि मेयर कप फुटबल प्रतियोगिता र नारदमुनी स्मृती गोल्ड कप सञ्चालन गरिने छ

ण. स्थानीय पूर्वाधार सम्बन्धी नीतिः

विकासको महत्त्वपूर्ण आधारको रुपमा रहेको स्थानीय पूर्वाधार विकासमा निम्न नीतिहरु लिइनेछः

१. पूर्वाधार विकासलाई मापनयोग्य र अनुभूतिजन्य बनाउनका लागि टुक्रे योजनालाई निरुत्साहन गर्दै पूर्वाधारका ठूला योजनालाई प्राथमिकता दिइनेछ ।
२. यस नपाका सबै सडक सञ्जाललाई मर्मतसंभार तथा स्तरवृद्धी गरी दिगो बनाउन पहल गरिनेछ ।
३. नगरक्षेत्रभित्रका अत्यावश्यक स्थानमा आवगमनलाई सहज र नियमित गराउन थोरै लगानीमा बन्ने फलामे पुल प्राथमिकता साथ निर्माण गरिनेछ र विगतमा निर्माण भई संचालनमा आएका पुलहरुको यथोचित संरक्षण र नियमित मर्मत सम्भारको व्यवस्था मिलाईने छ ।
४. यस नपा अन्तर्गतका आफ्नै भवन नभएका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुको भवन निर्माणलाई क्रमशः अगाडि बढाइने छ ।
५. नगर सभाबाट विनियोजन भई स्वीकृत रकम रु १०००००० (दश लाख ) भन्दा माथिका पूर्वाधार तर्फका योजना तथा कार्यक्रमहरु ठेक्का प्रक्रिया मार्फत सञ्चालन गरिनेछ ।
६. पूर्वाधार निर्माणका योजनामा उत्कृष्ट काम गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायी कम्पनीलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नगरपालिकाको समेत आर्थिक/योजना साझेदारीमा पूर्वाधारका योजना सञ्चालनको कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।
८. ठूला तथा नगरपालिकाको श्रोतले सञ्चालन गर्न सम्भव नहुने आयोजनाहरु संघ, प्रदेश, साझेदार निकाय र स्थानीय तहको साझेदारीमा संचालन गरिनेछ ।
९. नगर क्षेत्रमा विघुतीकरणलाई निरन्तरता दिँदै पुराना र जिर्ण भएका काठका पोलहरु क्रमशः विस्थापन गर्दै लगिनेछ ।

१०. ऐतिहासिक चौदण्डीगढी दरबारक्षेत्र नविकरण आवास सहितको सभाहल निर्माण गर्न पहल गरिनेछ ।

त. सूचना प्रविधि तथा सञ्चार सम्बन्धी नीतिः

आजको सूचना प्रविधिको युगमा सूचना प्रविधिको विकास र प्रयोगका साथै नागरिकको जान्न पाउने हकलाई सुनिश्चित गर्न सूचना तथा सञ्चार क्षेत्रमा निम्न नीतिहरु लिइनेछः

१. नगर क्षेत्रमा टेलिफोन तथा इन्टरनेटको सुविधालाई भरपर्दो बनाईनेछ ।
२. नगरपालिकाका विभिन्न गतिविधि तथा व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा लक्षित वर्गको जानकारी र पहुँचमा पुर्‍याउनको लागि स्थानीय पत्रपत्रिका तथा रेडियो मार्फत सूचना एवं जानकारी प्रकाशन तथा प्रशारण गरिने व्यवस्था मिलाईनेछ ।
३. नगरपालिकाका कामकारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनसंचारकर्मीहरुसँग नियमित भेटघाट कार्यक्रम मार्फत नगरका गतिविधि समय समयमा सार्वजनिक गरिने छ ।
४. नगरबासीलाई पढ्ने बानीको विकास गर्न सरोकारवाला र साझेदार निकायसँगको साझेदारीमा नगरपालिकामा इलेक्ट्रोनिक पुस्तकालय(E-Library समेत) संचालन गर्न पहल गरिने ।
५. नगरपालिकाबाट प्रवाह हुने सेवा र क्रियाकलापहरुलाई सूचना प्रविधिमा आधारित बनाउँदै सुशासन कायम गर्ने प्रयास गरिनेछ ।
६. सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापनको स्थापना गर्ने उद्देश्यले एकीकृत स्थानीय बस्तुगत विवरण (ILG Profile) निर्माण गरी विभिन्न सरकारी प्रणालीसँग अन्तरआवद्ध गरी सेवा प्रावाहको क्रममा विवरणहरु स्वतःअद्यावधिक (LIVE UPDATE) हुने पद्धति विकास गर्न पहल गरिनेछ।
७. नगरपालिकाले सम्पादन गर्ने आर्थिक एवम् अन्य गतिविधिलाई अनिवार्यरुपमा नगरपालिकाको वेवसाइटमा राखिने र वेवसाइटको नियमित अद्यावधिक गरिनेछ ।

थ. स्थानीय शासन सम्बन्धी नीतिः

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टा छुट्टै एवम् साझा अधिकारहरु निर्धारण गरेको सन्दर्भमा स्थानीय शासन सम्बन्धी देहायका नीतिहरु लिइनेछः

१. वातावरणमैत्री स्थानीय शासन र बालमैत्री स्थानीय शासन सञ्चालनको पहल गरिने छ ।
२. स्थानीय सरकार सञ्चालनसँग सम्बन्धित स्थानीय कानूनको पुनरावलोकन र आवश्यक पर्ने नयाँ कानुनको निर्माण गरी निर्मित कानुन सम्बन्धी शिक्षा तथा सचेतना कार्यक्रम संचालन गरिने छ ।
३. नगरपालिकाको वस्तुगत विवरणलाई अद्यावधिक गरी तथ्याङ्क तथा सूचनालाई सूचना प्रविधिमा आधारित बनाइनेछ ।
४. भूमिको यथोचित उपयोग र व्यवस्थापनका लागि नेपाल सरकारको भुउपयोग ऐन तथा भुउपयोग नीति कार्यान्वयनमा ल्याइनेछ ।
५. आम नगरबासी र स्थानीय सरकार बीच सुमधुर र विश्वासीलो सम्बन्ध कायम गर्न विभिन्न उमेर समूह र समुदाय(बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा मुसहर समुदाय आदि) सँग मेयर उपमेयरको नियमित भेटघाटको शुरुवात गरिनेछ ।
६. स्थानीय शासनलाई सफल र प्रभावकारी बनाउन नगर क्षेत्र भित्रका बौद्धिक बर्गहरुको समूह (चिकित्सक, वकिल, राजनीतिज्ञ, संचारकर्मी, विभिन्न विषय विज्ञ, उद्योगी व्यवसाय, समाजसेवी, शैक्षिक प्राज्ञीक क्षेत्रका व्यक्तित्व तथा उच्च प्रशासक र सुरक्षा विज्ञ लगायत) लाई नगरको विकासको साझेदार बनाउन र बौद्धिक वर्गबाट सल्लाह, सुझाव र सहयोग लिनका लागि नगरपालिकालाई थप आर्थिक भार नपर्ने गरी कार्यविधि बनाई नगरस्तरीय सल्लाहाकार समिति गठन गरिनेछ ।
७. नगरपालिका र मातहतका शाखा, निकाय र कार्यालयको स्वीकृत दरबन्दी संरचना, कार्यरत जनशक्ति, कार्यबोझ र नगरपालिकाको आर्थिक क्षमता बीच सन्तुलन कायम गर्न दरबन्दी संरचनालाई छरितो र ठिक्क आकारको बनाइनेछ ।
८. यस नगरपालिका क्षेत्रका ज्यामिरे घाट, सिवाई घाट लगायतका सबदाहा स्थालहरुलाई व्यवस्थित गर्दै लगिनेछ ।
९. नगर भित्र सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन गरी योजना तथा कार्यक्रमहरुको गुणस्तर सुधार गरिनेछ
१०. नगर क्षेत्र भित्रका विभिन्न उमेर समूह तथा जाति र वर्गको विकास र उत्थानका लागि पहल गर्न र नगरपालिकालाई आवश्यक सल्लाहा सुझाव र परामर्श दिनका लागि कार्यविधि बनाई नगरपालिकालाई थप आर्थिक भार नपर्ने गरी नगरस्तरीय युवा समिति, महिला समिति, दलित वर्ग उत्थान समिति, आदिवासी जनजाति उत्थान समिति, खेलकुद विकास समिति आदि गठन गरी क्रियाशील बनाइनेछ ।

११. नगर क्षेत्र भित्रका युवाहरुलाई लागु पदार्थ दुर्व्यसनीमा फस्न नदिन विभिन्न सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ र दुर्व्यसनमा लागेका युवाहरुलाई उचित मनोविमर्श गरेर सामाजिक कार्यहरुमा अगाडि बढाउँदै समाजमा स्थापित गर्न प्रोत्साहन गरिने छ र लागु औषध दुर्वेसनीहरुलाई पुनस्थापना र सामाजिक एकीकरण गर्न नगरक्षेत्र भित्र सुधार केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

१२. स्थानीय योजना तथा विकास प्रकृयामा समुदायको सहभागिता अभिवृद्धि गर्न वडाहरुमा टोल विकास संस्था गठन, संचालन र सहयोगका कार्यलाई निरन्तरता दिइनेछ ।

१३. समाजमा भएका र हुन सक्ने विवादलाई प्रारम्भिक चरणमै समाधानका लागि प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रको सुदृढीकरण गरिनेछ ।

१४. नगरक्षेत्रमा रहेका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरु र ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको लगत अद्यावधिक गरी सोको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनको व्यवस्था मिलाईने छ ।

१५. नगरभित्रका महत्वपूर्ण सडकहरुमा सोलार सडक बत्ति तथा मुख्य चोकहरुमा सीसी क्यामेरा जडान तथा भएका सडक बत्ति र सीसी क्यामेराको मर्मत गरी सञ्चालन गरिनेछ ।

१६. नगरपालिकाको न्यायिक कार्यलाई प्रभावकारी बनाउन मेलमिलापकर्ताहरुलाई परिचालन गरिनेछ ।

१७. न्यायिक समितिमा आउने अति संवेदनशील विषयहरुको छलफलका लागि बन्द इजलासको व्यवस्था गरिनेछ ।

१८. बजारको सडकमा जथाभावी निर्माण सामग्री राख्ने, अव्यवस्थित रुपमा फुटपाथमा सामान बेच्ने तथा जथाभावी फोहोरमैला फयाक्ने एवं बजारलाई अव्यवस्थित बनाउने कार्यलाई निरुत्साहित गर्न बजार व्यवस्थापनतथा विकास समिति गठन गरी बजार व्यवस्थापनको कार्य गरिनेछ ।

१९. नेपालको संविधान २०७२ को धारा २३२ (१) बमोजिम प्रदेश सरकार तथा संघ सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा सम्बन्ध अगाडि बढाइनेछ । साथै अन्तरपालिका समन्वय तथा सहकार्य र जिल्ला समन्वय समितिसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।

२०. नगरपालिका भित्र सञ्चालन हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको कार्यक्रमहरुमा नगरपालिकाले समन्वय र सहकार्य गर्नेछ र गै.स.स.हरुको कामको नियमित अनुगमन र नियमन गरिनेछ ।

द. सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीतिः

शासन सञ्चालन र जनताको विश्वास जित्ने मूल आधारको रुपमा रहेको सुशासन प्रवर्द्धन र सेवा प्रवाहका लागि निम्न नीतिहरु लिइनेछः

१. नगर प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा स्वच्छ, परिणाममूखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रकृयालाई प्रभावकारी बनाउँदै लगिनेछ ।

२. नगरपालिकाको सेवा प्रवाह र विकास निर्माण सम्बन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई, वार्षिक कार्यक्रम तथा बजेटको वार्षिक प्रगति समीक्षा गर्ने लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।

३. कार्यालयमा गुनासो पेटिकाको व्यबस्था गरि जनगुनासो व्यवस्थापनलाई प्राथमिकता दिनइनेछ ।

४. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि(LISA)को मूल्यांकनमा राम्रा देखिएका सुचकहरुलाई निरन्तरता दिँदै सुधार गर्नुपर्ने सुचकहरुको सुधार सहित निरन्तरता दिइनेछ ।

५. जनप्रतिनिधि, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको दक्षता र क्षमता अभिवृद्धिका लागि समय सापेक्षरुपमा तालिम र अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।

६. सेवा प्रवाहलाई प्रभावकारी बनाउन जिम्मेवार कर्मचारी—कर्मचारी बीच तथा कर्मचारी र पदाधिकारी बीच कार्यसम्पादन करार गरी कार्यान्वयन गरिनेछ ।

७. नगर भित्र रहेका सवै सुरक्षा निकायहरुलाई चुस्त दुरुस्त राखी नगरवासीलाई सुरक्षाको अनुभूति दिलाउनका लागि सुरक्षा निकायहरुसँग सहयोग र समन्वय गरिनेछ ।

८. नगर प्रहरीलाई क्षमता विकास सहित थप सुदृढ गरी प्रभावकारी परिचालन गरिनेछ ।

९. बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ ।

१०. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या व्यवस्थापनका लागि स्थानीय भूमि सेवा केन्द्रको कार्यलाई तिब्रता दिइ जग्गा नापजाँच र लालपुर्जा वितरणको कार्य सञ्चालन गरिनेछ ।

११. कर्मचारीलाई सक्षम, प्रतिस्पर्धी, जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाई आचारणमा सकरात्मक परिवर्तन ल्याउन कर्मचारीको क्षमता विकासका साथै दण्ड, पुरस्कार र प्रोत्साहनकोव्यवस्था गरिनेछ ।

१२. नगरपालिकाको कार्यालयबाट सेवा प्राप्त गर्न अशक्त, वृद्धवृद्धा, विपन्न नगरवासी तथा भौगोलिक विकटता जस्ता विविध कारणबाट कठिनाई भोगिरहेका सेवाग्राहीहरुलाई प्राथमिकताका साथ सेवा प्रवाह गरिनेछ ।

१३. नेपालको संविधानको धारा २७ र सूचनाका हक सम्बन्धी ऐन २०६४ अनुसार नागरिकहरुलाई सूचनाको हक सम्बन्धी व्यवस्था भएको र सार्वजनिक निकायहरुले त्रैमासिकरुपमा स्वतः प्रकाशन गरी नगरपालिकाको वेवसाईटमा राख्ने परिपाटीको कार्यान्वनबाट यस नगरपालिका र नगरपालिकाका सूचना अधिकारी देश भरीकै सूचना अधिकारीहरु मध्ये उत्कृष्ट ५ स्थान भित्र पर्न सफल भएको अवस्थामा नागरिकको सूचनाको हक र सूचना सार्वजिनिकरणलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१४. यस नगरपालिकाका मातहातमा रहेका सम्पुर्ण कार्यालयका कर्मचारीहरुको हाजिरीको लागि विद्युतीय हाजिर र नगरपालिकाको प्रशासकीय भवनमा सीसी क्यामेराको व्यवस्था गरिनेछ ।

१५. नगर क्षेत्र भित्र सञ्चालित आयोजनाहरुकोसामाजिक परीक्षण/सार्वजनिक परीक्षण लगायतका सामाजिक उत्तरदायित्वका विधिहरुको माध्यमबाट स्थानीय तहको विकास प्रकृयालाई पारदर्शी तथा उत्तरदायी बनाईनेछ ।

## घ. वित्तीय सुशासन सम्बन्धी नीतिः

विनियोजन कुशलता सञ्चालन दक्षता र वित्तीय सुशासनको प्रभावकारी व्यवस्थबाट स्थानीय सरकारलाई गतिशिल बनाउन ,निम्न नीतिहरु लिइनेछः

१. सार्वजनिक आय-व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पादर्शी बनाउँदै लगिनेछ ।

२. आन्तरिक नियन्त्रण र लेखा परीक्षणलाई विश्वसनीय एवं प्रभावकारी बनाउँदै लगिनेछ ।

३. पेश्की र वेरुजुलाई निरुत्साहित गर्दै भएको पेश्की बेरुजु फछ्यौंटलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

४. विकास आयोजनाहरुको ठेक्का पट्टा समयमै शुरुवात गरिने छ ।

५. वित्तीय अनुशासन कायम गर्न मितव्ययिता र गुणस्तरलाई उच्च प्राथमिकता दिँदै वित्तीय जोखिम न्यूनीकरणका लागि पहल गरिनेछ

६. आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधिको प्रभावकारी कार्यान्वय गरिने छ ।

७. नगरपालिकाको आर्थिक कारोबारहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता तथा औचित्यतताको आधारमा नियमित रुपमा आन्तरिक लेखापरीक्षण गरी चौमासिक तथा वार्षिक रुपमा आन्तरीक लेखापरिक्षण प्रतिवेदन पेश गरिनेछ ।

## न. विपद् व्यवस्थापन सम्बन्धी नीतिः

विभिन्न प्रकारका विपद्को उच्च जोखिममा रहेको यस नगरपालिकामा विपद् व्यवस्थापनका लागि निम्न नीतिहरु लिइनेछः

१. नगरस्तरीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद व्यवस्थापन समितिलाई थपक्रियाशील र प्रभावकारी बनाइनेछ ।

२. विपद्को लागि अत्यावश्यक सामग्रीहरु खरिद तथा भण्डारण गरिने छ ।

३. यस नगरक्षेत्रमाबाढी, डुवान तथा नदी कटान जस्ता जलजन्य विपदबाट क्षति न्यूनीकरण गर्नका लागि नदीजन्य पदार्थको उत्खनन तथा विक्रीबाट प्राप्त रकमबाट विभिन्न खहरे खोला तथा नदिका कारण हुने जोखिमयुक्त स्थानमा तटबन्ध तथा नदी नियन्त्रणका कार्यहरु सञ्चालन गरिनेछ ।

४. विपद्को प्रभावकारी र योजनावद्ध व्यवस्थापनका लागि यस नगरपालिकाको स्थानीय विपद् जोखिम व्यबस्थापन योजना ()निर्माण गरि कार्यान्यन गरिनेछ ।

५. विपदबाट पिडित नागरिकहरुलाई तत्काल राहत उपलब्ध गराउन विपद कोष स्थापना गरि आपतकालीन सहयोग कार्यक्रम संचालन गरिनेछ ।

६. विपद् तथा महामारीको समस्याबाट बच्नका लागि स्थानीय संचारमाध्यमबाट जनचेतना मुलक विषयहरु प्रकाशन प्रसारण गर्नको साथै यस क्षेत्रमा क्रियाशील सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरिनेछ ।

## प. भवन तथा सहरी विकास सम्बन्धी नीतिः

सुरक्षीत तथा व्यवस्थित वस्ती विकास र सहरीकरणका लागि निम्न नीति लिइनेछः

१. नगरको मुख्य बजार लगायत अन्य सम्भावित बजार क्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२. नगरक्षेत्रमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गरी सोको आधारमा निर्माण गर्ने व्यवस्था गर्नको लागि हाल कार्यान्वयनमा आएको भवन निर्माण सम्बन्धी विनियम, २०७१ (संशोधित तथा परिमार्जित २०७४) को कार्यन्वयनमा निरन्तरता दिइनेछ ।
३. नगरक्षेत्रमा रहेका सडकहरुको मापदण्ड कायम गर्ने, सडकमा परेका जग्गाको लगत कट्टा गर्ने कार्यको लागिसम्बन्धित निकायलाई अनुरोध गरिनेछ ।
४. चौदण्डीगढी नगरपालिका क्षेत्रमा लाग्ने नियमित हाट बजारको उचित व्यवस्थापनका लागि हाट बजार स्थल निर्माण र सञ्चालन गरिने छ ।
५. यस नगरपालिकाका सबै वडामा साना सभा र समारोह गर्नका लागि सभाहल बनाउन पहल गरिनेछ ।
६. नगरपालिकाका मुख्य मुख्य बजार क्षेत्रमा रहेका ढलहरुको निकासको यथोचित व्यवस्थापन र फुटपाथको निर्माणबाट बजार सौन्दर्यीकरण र व्यवस्थापन गरिनेछ ।
७. यस नगर क्षेत्रको १० वटै वडामा निर्माण भएको सबै पक्कि घरहरुलाई अनिवार्य रुपमा नगरपालिकामा अभिलेखीकरण गराउने साथै नयाँ घर तथा भवनहरु निर्माण गर्दा नक्सापास गरेर मात्र निर्माण गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ

फ. आयआर्जन तथा रोजगारी सम्बन्धी नीतिः

नगर क्षेत्रको समग्र विकास र समृद्धिका लागि नागरिकको आयआर्जन तथारोजगारी महत्वपुर्ण आधार भएको र अबको हाम्रो कार्यभार नागरिकको आर्थिक विकास र नगरको आर्थिक क्रान्ति नै भएकाले नगर क्षेत्र भित्रको आयआर्जन र रोजगारी प्रवर्द्धनका लाग निम्न नीति लिइनेछ ।

१. गरिवी निवारणको लागि लघु उधम विकास कार्यक्रमलाई न.पा.को साझेदारीमा निरन्तरता दिईनेछ ।
२. वैदेशिक रोजगारीबाट फर्केकाहरुका व्यक्तिहरुको सीप, ज्ञान, प्रविधि, पूँजी र क्षमताको पूर्ण उपयोग गर्दै उनीहरुलाई स्वदेशमै उघमशिलतामा लगाउनका लागि आवश्यक सीप तथा तालिम एवं वित्तीय पहुँच अभिवृद्धि गरिनेछ र वैदेशिक रोजगारीमा जान चाहनेलाई सुरक्षित वैदेशिक रोजगारीका लागि आवश्यक समन्वय, पहल र परामर्श गरिनेछ ।
३. चौदण्डीगढी नगरपालिका भित्र रोजगारीको क्षेत्र पहिचान गर्ने, नक्साङ्कन गर्ने, रोजगारदाताको माग बमोजिमको श्रमिक उपलब्ध गराउन सहजीकरण गर्ने तथा अन्य रोजगारमूलक सेवा उपलब्ध गराउनका लागि रोजगार सेवा केन्द्रलाईथप सुदृढ गरिने छ ।
४. कृषि, पशु तथा घरेलु उघोग, फर्म तथा पर्यटन व्यबसाय गर्न चाहने युवाहरुलाई कार्यक्रमिक योजनाको आधारमा सरल ब्याजदरमा बैंक तथा वित्तीय संस्थाबाट कर्जा उपलब्ध गराउन पहल गरिनेछ ।
५. नगर क्षेत्र भित्रका शिक्षित तथा अशिक्षित बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप,योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने विभिन्न किसिमका सीपमूलक कार्यक्रम सञ्चालन गरी "सीपसिकौं, रोजगारबनौं, आफ्नै पौरख आफ्नै गौरब"जस्ताकार्यक्रमसञ्चालनगरिआत्मनिर्भर, स्वाभवलम्बी बनाउन तर्फ जोड दिइने छ ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि स्थापित र सञ्चालित रोजगार सेवा केन्द्रको प्रभावकारीता वृद्धि गरिनेछ ।

ब : गैर सरकारी संस्था सम्बन्धी नीतिहरु .

१. नगरपालिका क्षेत्र भित्र कार्यक्रम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्था तथा सामाजिक संस्थाले नगरपालिकामा सुचिकृत हुने व्यबस्था मिलाइनेछ
२. नगरपालिका क्षेत्र भित्र कार्यक्रम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्था तथा सामाजिक संस्थाले नगरपालिकामा कार्यक्रम स्वीकृत गराई कार्यन्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

धन्यवाद ।

कालुमान लामा
नगर प्रमुख

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| क.स. | विवरण | रकम | क.स. | विवरण | रकम |
| १ | संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान चालु | ३३०१००००० | १ | संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान चालु | ३३०१००००० |
| २ | संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान पुँजीगत | ३१४००००० | २ | संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान पुँजीगत | ३१४००००० |
| ३ | संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान | ६२००००० | ३ | संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान | ६२००००० |
| ४ | संघीय सरकारबाट हस्तान्तरित समपुरक अनुदान | ६०००००० | ४ | संघीय सरकारबाट हस्तान्तरित समपुरक अनुदान | ६०००००० |
| ५ | प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान चालु | २५७५००० | ५ | प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान चालु | २५७५००० |
| ६ | प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान पूँजीगत | ७३१२००० | ६ | प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान पूँजीगत | ७३१२००० |
| ७ | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान | १३०००००० | ७ | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान | १३०००००० |
| . | शसर्त अनुदान जम्मा आय | ३९६५८७००० | - | शसर्त अनुदान जम्मा व्यय | ३९६५८७००० |
| १ | संघीय सरकार समानीकरण अनुदान | १३८०००००० | १ | चालु तलब भत्ता सेवा सुविधा (१०४५६१६५०) | |
| २ | संघीय सरकार राजश्व बाँडफाँड | १३५९८४००० | - | पारिश्रमिक कर्मचारी | ३४०००००० |
| ३ | प्रदेश सरकार समानीकरण अनुदान | ८७८९००० | - | पदाधिकारी पारिश्रमिक सेवासुविधा | ९१६१६५० |
| ४ | प्रदेश सरकार सवारी साधन कर | १७०९४००० | - | पोशाक कर्मचारी | २२००००० |
| ५ | आन्तरिक आयअनुमान | २००६२६५० | - | औषधी उपचार खर्च | २००००० |
| ६ | स्थानीय राजश्व बाँडफाँड | २५८५०००० | - | महंगी भत्ता | १५००००० |
| ७ | स्थानीय राजश्व बाँडफाँड (घर जग्गा रजिष्ट्रेसन) | १५०००००० | - | कर्मचारीको बैठक भत्ता | १०००००० |
| | निसर्त जम्मा | ३६०७७९६५० | - | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २००००० |
| | | | - | अन्य भत्ता | ५००००० |
| | | | - | पदाधिकारी बैठक भत्ता | ८००००० |
| | | | - | कर्मचारी कल्याण कोष | ५००००० |
| | | | - | करार सेवा शुल्क | ५४०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - | कर्मचारी तालिम खर्च | ५००००० |
| | | | - | **जम्मा** | १०४५६१६५० |
| | | | २ | **वडागत बजेट सीमा )५१४६००००)** | |
| | | | | वडा नं१. | ५४६०००० |
| | | | | वडा नं२. | ४७८०००० |
| | | | | वडा नं३. | ४७५०००० |
| | | | | वडा नं४. | ५०८०००० |
| | | | | वडा नं५. | ५६१०००० |
| | | | | वडा नं६. | ४६९०००० |
| | | | | वडा नं७. | ४७४०००० |
| | | | | वडा नं८. | ५३८०००० |
| | | | | वडा नं९. | ५८३०००० |
| | | | | वडा नं१०. | ५१४०००० |
| | | | | **वडागत बजेट जम्मा** | **५१४६००००** |
| | | | ३ | कृषि समपुरक साझेदारी | ११९००००० |
| | | | ४ | आमा सिर्जित दायित्व भुक्तानी अनुमान ०८०।२०७९ .व. | २१६६७००० |
| | | | ५ | विद्यालय स.का., लेखा र विद्यालय कर्मचारी तलव बाँकी दायित्व | ३५८५५५८ |
| | | | ६ | अपाङ्गता (करुणा फाउन्डेसन साझेदारी( | १३००००० |
| | | | ७ | **कार्यालय संचालन** | |
| | | | | विजुली तथा पानी महशुल | ११००००० |
| | | | | कार्यालय संचार शुल्क | ७००००० |
| | | | | इन्धन ठूला सवारी | १६००००० |
| | | | | इन्धन कर्मचारी साना सवारी | १४००००० |

| | | | | |
|---|---|---|---|---|
| | | | इन्धन अत्यावश्यकमा चल्ने सवारी | १०००००० |
| | | | इन्धन सुरक्षा निकाय | ४७०००० |
| | | | ठूला सवारी साधन मर्मत खर्च | १९००००० |
| | | | अत्यावश्यक सवारी साधन मर्मत | ५००००० |
| | | | साना सवारी साधन मर्मत खर्च | ११००००० |
| | | | सवारी साधनको वार्षिक बिमा तथा नविकरण | ११००००० |
| | | | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ११००००० |
| | | | कार्यालय सामाग्री तथा मसलन्द | ५१००००० |
| | | | पुस्तक खरिद | ४००००० |
| | | | इन्धन - अन्य प्रयोजन तर्फ | ४००००० |
| | | | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २१००००० |
| | | | नगरसभा सञ्चालन खर्च | ४००००० |
| | | | घर आवासीय भाडा | ६००००० |
| | | | मेशिनरी औजार तथा सवारी साधन भाडा | ६००००० |
| | | | समाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ संचालन खर्च | ५५०००० |
| | | | जम्मा कार्यालय संचालन | २२१२०००० |
| | | ८ | प्रशासनिक | |
| | | | पदाधिकारी सामाजिक सुरक्षा | ४५०००० |
| | | | सार्वजनिक उपयोगिताको सेवा खर्च | ५५०००० |
| | | | निर्मित सार्वजनिक पुर्वाधार को मर्मत सम्भार खर्च | १०००००० |
| | | | सेवा र परामर्श खर्च | १९००००० |
| | | | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ९००००० |
| | | | कार्यक्रम खर्च | २१००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुगमन, मूल्यांकन खर्च | १४५०००० |
| | | | | विविध खर्च | २१००००० |
| | | | | सामि परियोजना संचालन | १०००००० |
| | | | | मेसिनरी तथा औजार | १४००००० |
| | | | | फर्निचर तथा फिक्चर्स | ६००००० |
| | | | | **जम्मा प्रशासनिक खर्च** | **१३४५००००** |
| | | | ९ | <u>**शिक्षा**</u> | |
| | | | | वाविकेका सका थप प्रोत्साहन तलव र पोशाक | ७८१६००० |
| | | | | सासिके परिचालक थप प्रोत्साहन तलव र पोशाक | ४४२००० |
| | | | | विद्यालय लेखा कर्मचारी थप प्रोत्साहन तलव | ११११५०० |
| | | | | विद्यालय सहयोगी थप प्रोत्साहन तलव | ४२७७००० |
| | | | | प्रअ शिक्षक बैठक खाजा खर्च | १००००० |
| | | | | शैक्षिक क्यालेडर | १००००० |
| | | | | क्याम्पस अनुदान | १२६७९४२ |
| | | | | **शिक्षा शाखा जम्मा** | **१५११४४४२** |
| | | | १० | <u>**स्वास्थ्य शाखा**</u> | |
| | | | | ममासिक बैठकमा यातायात खर्च .से.स्वा. | ६४८००० |
| | | | | स्वास्थ्य सैंस्था प्रमुखहरुको मासिक बैठक | २००००० |
| | | | | चिकित्सक स्वास्थ्यकर्मी अतिरिक्त समय काम गरेको | १०००००० |
| | | | | जनचेतनामुलक सुचना तथा प्रकाशन | ५०००० |
| | | | | स्वास्थ्य सैंस्थाको लागी आवश्यक औजार उपकरण खरिद | २००००० |
| | | | | स्वास्थ्यकर्मीहरुको लागी विविध तालिम | २००००० |
| | | | | विभिन्न दिवश मनाउने तथा स्वास्थ्यकर्मी प्रोत्साहन पुरस्कार | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | मानसिक स्वास्थ्य उपचार,व्यवस्थापन,तालिम र औषधी | ५००००० |
| | | | गर्भवती सुत्केरीको निशुल्क भिडियो एक्सरे तथा प्रयोगशाला परिक्षण एकमुष्ट सोध भर्ना अनुदान स्वास्थ्य संस्थाका लागी प्रति केश बढीमा ५०० का दरले | ३००००० |
| | | | स्वास्थ्य संस्था संचालन खर्च प्रत्येक स्वास्थ्य चौकीरु४०,०००र आर२५रु.के.स्वा.,००० को दरले मसलन्द | ३५०००० |
| | | | स्वास्थ्य संस्थामा सुत्केरी गराउने आमालाई पोपण प्रोत्साहन सामाग्री प्रति सुत्केरी रु(वहुक्षेत्रिय पोषण कार्यक्रम साझेदारी)३०००. | १२००००० |
| | | | बिपन्न नागरिकहरुलाई नेपाल सरकारले तोकेका ८ वटा रोगका लागी आर्थिक सहयोग | २०००००० |
| | | | महामारीजन्य रोग नियन्त्रण तथा रोकथाम | १५०००० |
| | | | औषधी खरिद | ३०००००० |
| | | | ६० वर्ष पुगेका सामुदायिक मसम्मानजनक विदाई .से.स्वा. | १००००० |
| | | | वेसहारा, अति बिपन्न विरामी,स्वास्थ्य विमा प्रेषण तथा तत्काल राहत सहयोग | ५०००० |
| | | | विभिन्न स्वास्थ्य शिविर संचालन | ४२७००० |
| | | | रिभोल्भीङ्ग डाक्टर नियुक्ति तथा तलब खर्चचौदण्डीगढी नगरपालिका) भित्रका सम्पुर्ण स्वा(संस्थामा मासिक रुपले विरामी जाँच्न जाने. | ९००००० |
| | | | स्वास्थ्य शाखाको लागी ल्यापटप खरिद र ईन्टरनेट शुल्क | १६५००० |
| | | | **स्वास्थ्य शाखा जम्मा** | **११४९००००** |
| | | ११ | कृषि विकास शाखा | ११००००० |
| | | १२ | पशु सेवा शाखा | ११००००० |
| | | १३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ११००००० |
| | | १४ | सामाजिक विकास शाखा | ५५०००० |
| | | १५ | राजश्व शाखा | ५५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १६ | सहकारी शाखा | ५५०००० |
| | | | १७ | महिला विकास शाखा | ५५०००० |
| | | | १८ | न्यायिक समिति | ९००००० |
| | | | १९ | मनोसामाजिक तलव साझेदारी | १७००००० |
| | | | २० | भूमि इकाई सेवा केन्द्र | १८००००० |
| | | | २१ | पंजिकरण शाखा | १५०००० |
| | | | २२ | उद्यमशील लघु विकास | ५५०००० |
| | | | २३ | नगर प्रहरी तालिम तथा क्षमता विकास | २५०००० |
| | | | २४ | नगर खेलकुद | ३५००००० |
| | | | | जम्मा | १४३५०००० |
| | | | २५ | जनतासँग उपमेयर कार्यक्रम | ३५००००० |
| | | | २६ | खोला क्षेत्रमा तटवन्धन बाँध निर्माण | ३६००००० |
| | | | २७ | नगर गतिविधिको रेडियो मार्फत सूचना प्रसारण कार्यक्रम | ५५०००० |
| | | | २८ | शिक्षा क्षेत्रको अन्वेषण अनुसन्धान | १५०००० |
| | | | २९ | नगर योजनाहरुको DPR | १९००००० |
| | | | ३० | लक्षित समूहमा कार्यक्रम | ११००००० |
| | | | ३१ | संस्कार, संस्कृति, धर्म प्रवर्धन लगायत | १९००००० |
| | | | ३२ | नगर भरी बजार व्यवस्थापन | ७०००००० |
| | | | ३३ | पर्यटन क्षेत्रको प्रवर्द्धन | १०५०००० |
| | | | ३४ | नगर भरी विधुत क्षेत्रको विस्तार | ४२००००० |
| | | | ३५ | शैक्षिक सुधार विपन्न विद्यार्थी छात्रवृत्ति कार्यक्रम | ११००००० |
| | | | ३६ | ४५ चोकमा प्रहरी बिट निर्माण | ४००००० |
| | | | ३७ | जोड कोष | २९००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३८ | चमेना गृह निर्माण क्रमागत र कार्यालय परिसर | १०५०००० |
| | | | ३९ | नगरपालिका परिसरमा पार्किङ्ग स्थल निर्माण | १५२०००० |
| | | | ४० | जिल्ला मालपोत कार्यालय मोठ, स्रेस्ता वाइन्डिङ्ग सुधार | ३२५००० |
| | | | ४१ | वडा नं४. को क्याम्पस विद्यार्थी भवन कार्यालय व्यवस्यापन | ५२५००० |
| | | | ४२ | स्वास्थ्य चौकी हडिया कार्यालय व्यवस्थापन | ४५०००० |
| | | | ४३ | वडा नं६. क्याम्पस शिक्षा अनुदान | ३२५००० |
| | | | ४४ | वडा नं. १,२,7 र ८ को संयुक्त क्रमागत पुल निर्माण | ५००००० |
| | | | ४५ | पूर्व प्रहरी संगठन चौदण्डी | २५०००० |
| | | | ४६ | वडा नं३. को रातो पहिरो कुलो मर्मत | ७५०००० |
| | | | ४७ | वडा नं २ को चित्रे चप्लेटी पुरानो खानेपानी मर्मत | ५५०००० |
| | | | ४८ | खानेपानी संरचना वडा नंकालीदह भित्ते ६. | २५०००० |
| | | | ४९ | लक्षित वर्गको सशक्तिकरणका लागि आयोग तयारी कक्षा संचालन | ४५०००० |
| | | | ५० | १० नं. वडाको फुटवल मैदान मर्मत | २२५००० |
| | | | ५१ | देवघार जाने बाटो मर्मत, इक्राहा बाटो मर्मत, शिवनगर बाटो मर्मत | ६००००० |
| | | | ५२ | लालभित्ते देखि राधाकृष्ण मन्दिर सम्म सडक मर्मत | ५२५००० |
| | | | ५३ | प्रशासनिक भवन वडा नंतला थप ६. | ५५०००० |
| | | | ५४ | चारघरे गढी पूर्व बाटो मर्मत वडा नं१. | ३२५००० |
| | | | ५५ | वडा नं६ . मा पुष्पलाल स्मृति भवन | ५२५००० |
| | | | ५६ | वडा नं७. मा विपि स्मृति शालिक निर्माण | २२५००० |
| | | | ५७ | क्रमागत लाइब्रेरी भवन निर्माण ज्योती क्याम्पस वडा नं६. | ३२५००० |
| | | | ५८ | क्रमागत स्वास्थ्य भवन निर्माण वडा नं ४ | ११००००० |
| | | | ५९ | वैकल्पिक उर्जा समपुरक | १८०००० |
| | | | ६० | सुरक्षित घर सुरक्षा वास | २२५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ६१ | जुटपानी देखि सडक स्तरोन्नती चन्द्र प्रसाद आचार्य घरसम्म | ४२५००० |
| | | | ६२ | जिल्ला स्वास्थ्य कार्यालय डायलिसस मेसिन संचालन अनुदान | ३५०००० |
| | | | ६३ | प्रशासनिक भवन वडा नंकार्यालय ९. | ३२५००० |
| | | | ६४ | क्रमागत वडा नंप्रशासनिक भवन निर्माण २. | १४५०००० |
| | | | ६५ | क्रमागत वडा नं ४.प्रशासनिक भवन निर्माण | ३४५०००० |
| | | | ६६ | क्रमागत वडा नंप्रशासनिक भवन निर्माण ८. | ३९५०००० |
| | | | ६७ | क्रमागत चिस्यान केन्द्र निर्माण वडा नं ५ | ३८५०००० |
| | | | ६८ | सुन्दरपुरको कबर्डहल निर्माण क्रमागत | १९००००० |
| | | | ६९ | नयाँ गोरेटो बाटो जोड्ने लाहुरे चोक | ५५०००० |
| | | | ७० | रातमाटेको घर देखि जयकुमारको घर हुँदै जाने सडक स्तरोन्नति | २०५०००० |
| | | | ७१ | अधिकारी होटल देखि दक्षित जाने बाटो सडक स्तरोन्नति | २०५०००० |
| | | | ७२ | हडियाबजारबाट बेल्टार जानेबाटो जनतामावि तर्फ बाटो र ढल | १९००००० |
| | | | ७३ | वेलटार बजारमा व्यायामशाला | ५००००० |
| | | | ७४ | विपद व्यवस्थान तथा भैपरी | ४०५०००० |
| | | | ७५ | मर्मत संभार तथा भैपरी | ४६३०००० |
| | | | ७६ | विपन्न नागरिक संरक्षण सहायता | १००००० |
| | | | ७७ | बर्षेडाँडा, समिचोक, मकमडाँडा हुँदै कुसुम चौरी सडक स्तरोन्नति तथा कालोपत्रे निर्माण (समपुरक कोष) | ६०००००० |
| | | | ७८ | समपुरक कोष (साना सिचाईका लागि( | ८०५१००० |
| | | | ७९ | हाइवे बागवीरको घर देखि सौरैली टोल, चिप्रुंग टोल देखि भोर्लेनी सडक स्तरउन्नति, वडा न(प्रदेश समपुरक कोष)३ . | ३९००००० |
| | | | | जम्मा | ९०५८१००० |
| | | | | निसर्त जम्मा | ३६०७७९६५० |
| | कुल आय | ७५७३६६६५० | | कुल व्यय | ७५७३६६६५० |

सभाध्यक्ष महोदय,

यस नगरको समग्र विकास निर्माणका कार्यहरुमा संलग्न भई विभिन्न क्षेत्रमा भुमिका निर्वाह गर्नु हुने साथै अहोरात्र खटिनुहुने जनप्रतिनिधी ,विभिन्न क्षेत्रका प्रशासनिक कार्यालयहरु राजनितिक दल साझेदार संघसंस्था बुद्धिजिवि ,कर्मचारी , संचार ,समाजसेवी ,उपभोक्ता समितिकर्मीपरामर्श र ,राय ,सल्लाह ,पेशाकर्मी लगायत आम नगरबासी सबैलाई सुझाव , बौद्धिक साथै आवश्यक सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिदै हाम्रा नगर बासीको चाहनालाई पुरा ,भौतिक टेवा पुग्ने आवश्यक कार्यहरुको निम्ती सम्पुर्ण ताकत लगायर सदैव कर्मक्षेत् गर्नरमा खटिरहने प्रतिवद्धता व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम र कार्यक्रम बमोजिमको बजेटलाई अमुल्य सुझाव सल्लाह र प्रतिक्रिया प्रस्तुत गर्दै स्विकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछुसाथै सकारात्मक राय सुझाव सहित स्विकृत बजेटलाई सही ढंगले कार्यान्वि ,यनमा समेत सबैको साथ सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमाऔं नगरसभा समारोहमा आफ्नो महत्त्वपूर्ण समय उपलब्ध गराई १४ चौदण्डीगढी नगरपालिकाको , नगरसभाका सम्पूर्ण सदस्य ,अतिथि गण ,विशेष अतिथि ,अतिथि समारोहको गरिमा र शोभा बढाई दिनु भएकोमाप्रमुख ,कर्मचारी ,ज्युहरुपत्रकार मित्रहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दछु । यहाँहरुको आवश्यक सल्लाहनगर समृद्ध ,खबरदारी र सहयोग सदैव रहने र यो नगरलाई विकसित नगर ,सुझाव , बनाउने यो महान अभियानमा सधैं सहभागी हुनुहुनेछ भन्ने विश्वास र अपेक्षा लिएकोछु । यो महत्त्वपूर्ण अवसरमा नगरवासी सम्पूर्ण आमाबुबासमृद्धि र उत्तरोत्तर प्रगतीको कामना गर्दछु । ,शान्ति ,दाजुभाईहरुमा सुख ,दिदीबहिनी ,

धन्यवाद ।

मणिका देवी दुलाल
नगर उप प्रमुख

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नगरपालिकाद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुलाई नियमानुसार सञ्चालन गर्ने उद्धेश्यले तयार गरिएका तपसिल बमोजिमका कानुन तथा कार्यविधिहरु स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :

१. चौदण्डीगढी नगरपालिकाको कर्मचारी तहवृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि, २०८०

नोट :- कोशी प्रदेश सरकारबाट जारी भएको अध्यादेश २०८० बमोजिम यस नगरपालिकाको मिति २०८०।०२।२३ गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी कोशी प्रदेश लोक सेवा आयोग बिराटनगरमा आवश्यक सुझाव तथा परामर्शको लागि पठाईएकोमा आयोगबाट मिति २०८०।०२।३० मा उक्त कार्यविधिमा अनिवार्य रुपमा समावेश गर्नु पर्ने भनि लिखित रुपमा प्राप्त भएका सुझाव समेतलाई समावेश गरी कार्यविधि स्वीकृत गरिएको ।

२. कृषि बजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९ (पहिलो शंशोधन)

३. सहकारी सञ्चालन नियमावली, २०८०

४. साना सिंचाई कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस नगरपालिकाको कार्यालय तथा मातहतका शाखा र वडाहरुमा कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन यस नगरपालिकाको संगठनात्मक ढाँचा, २०७९ संशोधन सहित स्वीकृतीका लागि नगरसभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक आय संकलनको लागि नगर क्षेत्रका हाटबजारहरुको तपसिल बमोजिमका शीर्षकहरुबाट आन्तरिक राजश्व संकलन गर्ने कार्यको लागि चालु आर्थिक वर्षको सम्बन्धित शीर्षकहरुमा ठेक्का सम्झौता भएको रकममा ५ प्रतिशतले बृद्धि गरी कायम हुन आउने तपसिलमा उल्लेखित न्यूनतम कबोल अंकमा ईच्छुक इजाजत प्राप्त फर्म, संस्था वा व्यक्तिबाट १५ दिने शिलबन्दी बोलपत्र आवहानको सार्वजनिक सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| सि. नं. | आ.ब. २०८०/०८१ मा आन्तरिक आय संकलनको शिलबन्दी बोलपत्र आवहान गरिने बजार तथा क्षेत्रको विवरण | न्यूनतम ठेक्का कबोल अंक रु.(मु.अ.कर बाहेक) | धरौटी रकम | शिलबन्दी दरभाउपत्र खरिद दस्तुर | कै. |
|---|---|---|---|---|---|
| १. | मवेशी पशुहटिया बेल्टार र बिरेन्द्र बजार(गाइ, गोरु, भैंसी, रागा, पाडा पाडी, बाछा बाछी) । | १३,७०,२५०/- (अक्षरुपी तेह्र लाख सतरी हजार दुई सय पचास मात्र) | ठेक्का कबोल अंकको ५ प्रतिशत | १०००/- | |
| २. | बेल्टार र बिरेन्द्र बजार (खसि, बोका, बाखा, पाठा, पाठी, भेडा, भेडी, सुंगुर, बंगुर) । | ८,८२,०००/- अक्षरुपी आठ लाख बयासी हजार मात्र) | | १०००/- | |
| ३. | कृषिजन्य बस्तु तथा जडीबुटी निकासी, पैठारी बेल्टार बजार, विरेन्द्र बजार, शनिबारे बजार, रानीटार कृषिबजार, हडिया बजार र शिवाई बजार । | २,७३,०००/- अक्षरुपी दुई लाख त्रियत्तर हजार मात्र) | | १०००/- | |

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाले मिति २०७९।१०।१७ गते सूचना प्रकाशन गरी विज्ञापन नं. २०७९/०८०/०१ देखि २०७९/०८०/२३ सम्म विभिन्न पदहरुमा सेवा करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा दरखास्त आह्वान गरेको र उक्त सबै पदहरुमा परेको दरखास्तको आधारमा कर्मचारी छनौट कार्य अगाडी बढाइएकोमा विज्ञापन नं. २०७९/०८०/०३, ०६,०८,११,१२,१९,२०,२२ र २३ को छनौट कार्य सम्मपन्न भई कर्मचारी नियुक्ति समेत भएको र अन्य पदहरुको पनि छनौट कार्य भई रहेकोमा विविध कारणले छनौट कार्य पूर्ण हुन नसेको हुँदा उक्त छनौट सम्मन्न भएका ९ वटा विज्ञापनहरुको अनुमोदन समेत गर्दै अन्य बाँकी सबै पदको विज्ञापन रद्ध गर्ने र उक्त रद्ध भएका पदहरुमा दरखास्त दिएका उम्मेद्वारहरुले फर्म भर्दा नगरपालिकामा बुझाएको राजश्व रकम फिर्ताको लागि निवेदन दिएमा नियमानुसार फिर्ता गर्ने वा नगरपालिकाबाट पछि हुने समान पदको विज्ञापनमा १ पटकको लागि सोही शुल्कमा आवेदन दिन पाउने समेत सर्वसम्मत निर्णय पारित गरियो । साथै उक्त राजश्व रकम फिर्ताको लागि आवश्यक बजेटको व्यवस्थाको लागि आगामी नगरसभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाले कृषि तर्फको सशर्त कार्यक्रम अन्तर्गत विभिन्न कृषक समूहहरुसँग सम्झौता गरी गत आर्थिक वर्ष २०७८/०७९ देखि अदुवा बेसार पकेट कार्यक्रम सञ्चालन गरेको र उक्त समूहहरु मार्फत चालु आ.ब. २०७९/०८० को स्वीकृत सशर्त बजेट तथा कार्यक्रम अनुसार निरन्तरता दिईएको हुँदा उक्त पकेट कार्यक्रमहरुको निरन्तरताको लागि नगरपालिका र तपसिलका कृषक समूहहरु वीच मिति २०८०।०२।११ गते भएको सम्झौतालाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. श्री नवजागरण कृषक समूह वडा नं. ८, सिद्धिपुर
२. श्री सिंहदेवि महिला कृषक समूह वडा नं. २, माडिबास
३. श्री कन्चनरुपा कृषक समूह वडा नं. १, कञ्चनपुर

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस चौदण्डीगढी नगरपालिकाको ठेक्का नं. **CM/W/NCB/01/078/079** बाट यस नगरपालिकाको १५ वडको अस्पताल निर्माणको लागि **OM BUDDHA-GALWA-CHAINLINK J.V.** बालकोट भक्तपुरसँग मिति २०८०।०२।२५ सम्मको निर्माण सम्पन्न गर्ने अवधि भएको सम्झौता भई निर्माण कार्य शुरु भएकोमा विविध कारणबाट उक्त समयमा निर्माण कार्य सम्पन्न नभएको र उक्त निर्माण कम्पनीले यस नगरपालिकामा मिति २०८०।०१।२५ मा थप २ वर्षको लागि म्याद थपको निवेदन दिएको हुँदा उक्त भवन निर्माणको म्याद मिति २०८०।०२।२६ गते देखि लागूहुने गरी मिति २०८१।०२।२५ गते सम्म १ वर्षको लागि थप गर्ने साथै उक्त समय भित्र निर्माण कार्य सम्पन्न गर्नको लागि ठेकेदार कम्पनीलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।